का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ मंसिर २०८२
शनिबार
22 November 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २८२ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

कभर स्टोरी

# निराशाबाट निस्कँदै नेपाल



सूचना प्रविधिको विकास, विश्वले गरेको प्रगति नियाल्दै हुर्केको पुस्ताले देशभित्रैको आर्थिक असमानता र भिन्नभिन्न जीवनशैलीको कारण पत्ता लगाएका छन् । राजनीतिक अस्थिरता र कुशासन, कमजोर अर्थतन्त्र र वैदेशिक रोजगारीको बाध्यता बुझेका युवा सामाजिक असमानताविरुद्ध एकजुट भएका छन् । ताकि मुलुकलाई निराशाबाट निकाल्न सकियोस् ।

*जानकी पाठक र अस्मिता बम/मध्यान्ह*

*जेनजी विद्रोहका बेला नयाँ बानेश्वरस्थित संसद् भवनबाहिर प्रहरीसँग विवाद गर्ने ३० वर्षीय यमबहादुर कँडेल धेरै समयसम्म भाइरल भए । सुरुमा प्रहरीसँगको भनाभनको भाषाले उनको मनोविज्ञानलाई धेरै हदसम्म संकेत गरेको थियो । 'हेलो सर, मेरो आँखामा डर देख्नुहुन्छ ? ठोक्ने भए गोली ठोक्नू । मार्ने भए मार्नू आनन्द त आउँछ । देशको बारेमा सोच्नै परेन,' कँडेलले भनेका थिए, 'मेरो आत्मा भगवानले लानुहुन्छ । देशको चिन्ताले गर्दा अहिले पनि सुत्नै सक्दिनँ ।'*
*प्रहरीलाई आफ्ना आमाबुवा र देशबारे सोच्न भनिरहेका धादिङ त्रिपुरासुन्दरी-५ स्थित थापाकटेरीका उनै युवाले झन्डै एक महिनापछि १९ असोजमा आफ्नै ५५ वर्षीया आमा राममायाको हत्या गरे । उनी मादकपदार्थ र लागूऔषधको कुलतमा थिए ।*

*प्रहरी दमनमा संसद् भवनअघि २३ भदौमा स्कुल कजेलकै पोसाकमा युवालाई गोली लागेपछि जनआक्रोश सम्हालिसक्नुभएन । राजनीतिक दल र नेताहरू युवा आक्रोशको तारो भए । उनीहरूले वृद्धावस्थाका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन परराष्ट्रमन्त्री डा. आरजु राणालाई पनि छाडेनन् । आक्रोशसम्म ठिकै होला तर अमानवीयता चर्कै देखियो । भ्रष्टाचार वा अरू कुनै कारणले उनीहरू दोषी हुन् भने कानुनीराजमा कानुनबाटै कारबाही हुनुपर्छ । तर २२/२४ वर्ष उमेरका देखिने युवाले आरजुलाई लातीले हानेर लडाएको दृश्य भाइरल छ । उनको कपाल तानिएको छ र निर्मम मुक्का प्रहार गरिएको छ । आन्दोलनकारी युवा सोध्छन्, 'तँ र कुकुरमा के फरक छ ?' निरीह आरजु भन्छिन्, 'केही फरक छैन बाबु ।' देउवालाई पनि उसैगरी टाउकोबाट रगत बग्नेगरी कुटपिट गरिन्छ ।*

*पूर्वप्रधानमन्त्री झलनाथ खनालपत्नी रविलक्ष्मी चित्रकार भौतिकशास्त्रकी प्राध्यापक हुन् । खनाल एमाले अध्यक्ष हुँदा होस् वा प्रधानमन्त्री रहँदा उनी कतै विवादमा परिनन् । राजनीतिमा उनको खास चासो पनि देखिँदैन । तर २४ भदौमा नेतामाथिको आक्रोशमा उनै चित्रकार परिन् । ४० वर्ष प्राध्यापन गरेकी वृद्ध गुरुआमालाई युवाहरूले घरमै थुनेर आगो लगाए । जसोतसो उद्धार गरिए पनि उनले एउटा हात गुमाइन् । एयर एम्बुलेन्सबाट नयाँ दिल्ली लगेर उपचार गर्नुपर्‍यो ।*

*आन्दोलनका नाममा २४ भदौमा देशभर लुटपाट मच्चाइयो । भाटभटेनीमा घुसेर मानिसहरूले सामान ओसारे । भाटभटेनीमै आगो लाग्दा जलेर मृत्यु भएका १२ जनाको अझै सनाखत हुन सकेको छैन । नेताले देश लुटे भनेर गरिएको आन्दोलनले मौका पाउनासाथ जोकोही लुटपाट गर्दो रहेछ भन्ने पुष्टि गरिदियो ।*

यी परिदृश्यले नेपाली समाजको अहिलेको मनोविज्ञान झल्काउँछ । सामाजिक सञ्जाल हेर्दा थाहा हुन्छ, नेपाली समाज कति असामाजिक भइसकेको छ । कुनै शीर्ष नेताको बर्थ डेमा आउने रिप र चर्चित कलाकार अझ महिलालाई गरिएको गाली हेर्दा समाजको ठुलो हिस्सा मानसिक समस्याले ग्रस्त देखाउँछ । त्यसमा युवाको संख्या ठुलो छ । अनि असन-इन्द्रचोकका भिडभाड सडक र गल्लीदेखि गाउँघरका पातला बस्तीसम्म एउटै स्वर छ, 'नेपालमा भविष्य छैन ।' पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## १ सय ७१ मेडिकल सूचीकृत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न १ सय ७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण गरेको छ । छनोट भएका १ सय ७१ मध्ये राजधानीका तीन जिल्लामा १ सय ४२ र राजधानी बाहिरका ७४ जिल्लामा २९ वटा स्वास्थ्य संस्था रहेका छन् ।

विशेषज्ञ समितिबाट अनुगमन प्रतिवेदन अध्ययन भई सिफारिस भएका स्वास्थ्य संस्थाहरूलाई सूचीकरण गर्ने मन्त्रीस्तरबाट कात्तिक ३० गते निर्णय भएको हो । हाल प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रालयको नेतृत्व लिएकी छन् ।

मन्त्रालयले जारी गरेको नयाँ कार्यविधिको मापदण्ड पूरा गर्ने १ सय ७१ वटा स्वास्थ्य संस्थालाई सूचीकरण गरिएको हो । मन्त्रालयले यसपटक मापदण्ड पूरा नगरेका २९ वटा स्वास्थ्य संस्थालाई सूचीकरणबाट हटाएको बताएको छ । उनीहरूले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न पाउने छैनन् ।

स्वास्थ्य मन्त्रालयका तत्कालीन अतिरिक्त सचिव दीपेन्द्ररमण सिंह नेतृत्वको कार्यदलले पेस गरेको मापदण्डअनुसारको प्रतिवेदनको आधारमा मन्त्रालयले स्वास्थ्य परीक्षणका मापदण्ड थप गरेर उपकरण पनि थप गरेपछि मन्त्रालयले अनुगमन गरेको थियो । श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले सूचीकृत स्वास्थ्य संस्थाले पहिलेको भन्दा प्रमाणिक स्वास्थ परीक्षण प्रतिवेदन दिने अपेक्षा गरिएको भन्दै स्वास्थ संस्था चिकित्सक र श्रमिक सबैलाई जिम्मेवार बनाइएको बताए । पृष्ठ २ मा




## कार्कीले सच्याइन् ओलीको निर्णय

### साढे सात वर्षपछि गृह मातहत गुप्तचर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ मंसिर

प्रधानमन्त्री मातहत रहेको राष्ट्रिय अनुसन्धान विभाग (राअवि) गृह मन्त्रालय मातहत ल्याइएको छ । विशेष सेना ऐनको दफा ४ मा प्रस्ट रूपमा नेपालको गुप्तचर संस्था राअवि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहने उल्लेख थियो । अहिले त्यही व्यवस्था संशोधन गर्न अध्यादेश जारी भएसँगै गृहमन्त्री मातहत आएको हो ।

२०७४ साल फागुन १६ मा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्री कार्यालय मातहत रहने व्यवस्था गरेका थिए । सो निर्णय अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले सच्याउँदै विभागलाई पुनः गृह मन्त्रालय मातहत रहने व्यवस्था गरेकी हुन् ।

शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल विशेष सेवा ऐन २०४२ संशोधन गर्न बनेको अध्यादेश जारी गरेसँगै साढे सात वर्षपछि गुप्तचर संस्था गृहअन्तर्गत रहने व्यवस्था कायम भएको गृह मन्त्रालयले जनाएको छ ।

यसअघि सरकारले राअविका साथै राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभाग पूर्ववर्ती अवस्थामै फर्काउने निर्णय गरेको थियो । अन्य विभाग पूर्ववर्ती रूपमा फर्किए पनि कानुनी अड्चनका कारण राअवि भने प्रधानमन्त्री कार्यालय मातहत नै थियो ।

साढे सात वर्षअघि गृह मातहत रहँदा बेकामे बनेको आरोप लगाउँदै गुप्तचरलाई प्रधानमन्त्री कार्यालय मातहत लगिएको थियो । यसबीचमा गुप्तचर निकायको काम भने प्रभावकारी देखिएन । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
६ मंसिर २०८२ शनिबार
22 November 2025 Saturday

कभर स्टोरी


# निराशाबाट निस्कँदै नेपाल

विश्वविद्यालयका बेन्च खाली र अन्तर्राष्ट्रिय विमानस्थल भरिभराउ हुन थालेको धेरै समय भइसकेको छ । आफ्नो जमिन बाँझो राखेर मरुभूमिमा सिँचाइ गर्न जाने ती मजदुर पक्कै पनि हार मानेरै हिँडेका होलान् ! नेपालमा पढाइअनुसारको जागिर छैन, खेती गरेअनुसारको बजार छैन ।

उत्पादक र उपभोक्ताबीचको दूरी कम गर्न राज्यले पहल गर्नुपर्ने हो, त्यसमा सम्बन्धित निकाय मौन भएपछि आममानिस आजित त हुने नै भए । वडामा पियनको जागिर खानलाई नेताको चाकडी गर्नुपर्ने स्थितिबाट हैरान भएका युवापुस्ताले यही देशमा भविष्य देख्न मुस्किल त हुने नै भयो । पछिल्लो जेनजी आन्दोलनमा पोखिएको आक्रोश त्यसैको परिणाम भएको विश्लेषण गरिन्छ । आन्दोलन आवश्यक थियो थिएन, सफल भयो भएन त्यसको मूल्यांकन हुँदै गर्ला । तर आन्दोलनमा देखिएका दृश्यले युवापुस्तामा कुन हदसम्मको निराशा रहेछ भन्नेचाँहि छरप्रस्ट पारिदिएको छ ।

## राजनीतिक अस्थिरता र कुशासन

- पाँचै वर्ष सरकार कहिल्यै चलेन
- बहुमत प्राप्त गरेका दल सग्लो रहेनन्



देशको राजनीति आमनेपाली जनताको आशा र भरोसाको केन्द्र हो । तर नेपालको राजनीति जहिले पनि अस्थिर देखिन्छ। प्रजातन्त्र आउनुभन्दा पहिले होस् वा गणतन्त्रपछि नेपाली जनता शासनसत्ता र नेतृत्वबाट कहिले पनि खुसी हुन सकेका छैनन् । नेपालमा सरकार कहिले पनि टिक्दैन । गठबन्धनको सरकार नटिक्नु स्वाभाविक हो तर विगतको इतिहास हेर्ने हो भने बहुमतको सरकार पनि आफ्नो पूर्णकार्यकालसम्म अडिन सकेको छैन । २०१७ सालमा जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला नेतृत्वको दुई तिहाइको सरकारलाई राजा महेन्द्रले अपदस्थ गरी शासनसत्ता हातमा लिएपछि दलीय राजनीतिमा अस्थिरताको यो शृंखला सुरु भएको हो । करिब ३० वर्षको संघर्षपश्चात् २०४६ मा प्रजातन्त्र पुनर्स्थापना र ४७ सालमा चुनाव भयो । चुनावबाट बहुमत प्राप्त दल नेपाली कांग्रेसले पाँच वर्षको शासनकाल पूरा हुन दुई वर्ष बाँकी हुँदै संसद् विघटन हुन पुग्यो । संसद् विघटपछि संसद्को ठूलो दल नेकपा एमालेका नेता मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठन भयो। त्यो पनि सफल हुन सकेन। राजनीतिक अस्थिरता, संसद् विघटन र पुनर्स्थापनामै अल्झिएको नेपाली राजनीतिमा ५६ सालमा निर्वाचन भयो । यो चुनावमा कांग्रेसले बहुमत ल्यायो तर प्रधानमन्त्री फेरिरहने प्रक्रियाले भने निरन्तरता पाइरह्यो । कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा यसै समयमा प्रधानमन्त्री भए । देउवाले यसै अन्योलताकै बीच संसद् विघटन गर्ने प्रस्ताव राजा ज्ञानेन्द्रसमक्ष पेस गरे र संसद् विघटन भयो । यसबाट नेपाली राजनीतिले अस्थिरताको फरक कोर्स सुरु गरेको राजनीतिक विश्लेषकको बुझाइ छ ।

त्यसपछि नेपालमा सुरु भइरहेको आन्दोलन र संघर्षले २०६३ सालमा प्रतिनिधि सभाको पुनर्स्थापना भयो । त्यसभन्दा पछिका अवस्था झन् खिँचातानी र लुछाचुँडीमै बितिरहेको देखिन्छ। २०६४ सालको निर्वाचनमा तत्कालीन माओवादीले बहुमतनजिक भए पनि सफल हुन सकेन । २०६९ सालमा भएको चुनाव, २०७४ सालमा भएको चुनाव, २०७९ सालमा भएको चुनावबाट चयन भएका नेता, दल र नेतृत्व लगभग असफल देखिएका छन् । राजाको शासनदेखि जनताले आफैंले चुनेका प्रतिनिधिको शासनबाट नेपाली जनता आजित भइसकेका छन् । इतिहासदेखि वर्तमानसम्म नेपालको बहुमत प्राप्त दल कहिले पनि आफ्नो कार्यकालभरि सग्लो रहेन ।

राज्यसत्ता जहिले पनि पहुँचवालाको हातमै रहिरहने विकृत परम्पराबाट आजित जनताले देशप्रति आफ्नोपन महसुस गर्न नसकेको अभियन्ता खगेन्द्र सुनारको टिप्पणी छ । उनका अनुसार, नेपालमा भएको पछिल्लो समयको राजनीतिक परिवर्तन र जेनजी आन्दोलन पनि त्यसैको उपज हो । सत्ताकेन्द्रित राजनीति, दबाब र प्रभावमा परेर काम गर्ने शैलीले जनताको मनमा चोट परेको छ। अपेक्षाबमोजिम काम नभएपछि जनतामा छाएको निराशा नै जेनजी आन्दोलनमा देखिएको आक्रोश हो । आन्दोलनपछि नागरिकस्तरबाट गठित सरकारको कार्यशैलीबाट पनि जनता खुसी हुन नसकेको अवस्था छ । 'यो सरकार पनि परम्परागत सरकारकै बाटोमा हिँड्न खोजेको आरोप लाग्न थालेको छ । तथापि केही आशा र भरोशा अझै जीवित छ, हरेस खाइहाल्नुपर्ने अवस्था छैन,' सुनार भन्छन् ।

देशको राजनीतिले युवामा बढेको निराशा कम गर्न केही पहल गरेको जस्तो देखिन्छ तर दीर्घकालीन योजना बन्न सकेका छैनन् । प्रजातन्त्रपछिको यो ७८ वर्षको अवधिमा समेत जनतामा उही कुण्ठा देखिनुले जनभावना बुझ्न नेपालको राज्य र नेतृत्व असफल भएको सुनारको बुझाइ छ । नेपाल बहुजातीय र बहुभाषिक देश हो, जातीय, लैंगिक र पहिचानका आधारमा हुने भेदभावले नेपालप्रति उपेक्षित समुदाय जहिले पनि निराश छन् । 'म दलित समुदायको हकहितका लागि आवाज उठाउँदै आएको छु, आज पनि राज्यबाट दलितमाथि दोस्रो दर्जाको नागरिकको व्यवहार गरिन्छ, १३ प्रतिशत दलितको बसोबास भएको देशको सत्तामा कहिले पहुँच पुगेको छैन, ती व्यक्ति त स्वतः निराश हुने नै भए नि,' उनी थप्छन्, 'कसैले बोल्न दिँदैनन्, बोले पनि सुन्दैनन्, आफ्नै देशमा कुहिरोभित्र हराएको कागजस्तो भएर बाँच्नुपर्दा निराश त भइन्छ, यही निराशा चिर्न पहल हुँदै छ ।'

विचार र सिद्धान्त मिल्नेभन्दा अपराध लुकाउन मिलेमतो गर्ने, राजनीति भागबन्डा मिलाउन जोसुकैसँग मिल्ने, चुनावी गठबन्धन गर्ने, सरकार बनाउने र गिराउने खेलले आमजनता दिक्क भएका छन् । आफूलाई टिकाउन जे पनि गर्ने जुन प्रवृत्ति नेपालको राजनीतिमा देखिएको छ यसले युवा पुस्ता मात्र नभई नेपालीहरू चिन्तामा छन् ।

## कमजोर अर्थतन्त्र र वैदेशिक रोजगार

### भ्रष्टाचार सूचकांकमा नेपाल

- यस वर्ष १०७औं स्थानमा
- गत वर्ष १०८औं स्थानमा

नेपालको अर्थतन्त्रलाई धान्ने बलियो आधार विप्रेषण अथवा रेमिट्यान्स हो । गएको एक वर्षमा १७ खर्बभन्दा बढी रेमिट्यान्स नेपाल भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को तथ्यांकअनुसार रेमिट्यान्स आप्रवाह १९ दशमलव २ प्रतिशतले वृद्धि भई १७ अर्ब २३ अर्ब २७ करोड पुगेको हो । झट्ट हेर्दा यो नेपालको आर्थिक वृद्धिका लागि राम्रो देखिए पनि दीर्घकालीन रूपमा यसले नेपालको विकासमा असर पुऱ्याउँछ । विदेशबाट पैसा नेपाल आएको मात्र होइन नेपालबाट कति श्रम विदेशका लागि प्रयोग भएको छ भन्ने कुरा मुख्य हो । विदेशमा बस्ने नेपालीले 'नेपालमा केही गर्ने वातावरण नभएर विदेश आएका हौं' भन्ने वाक्यलाई नेपालको राजनीतिले मनन गर्नुपर्ने देखिन्छ । दक्ष जनशक्ति विदेश जाने, नेपालमा बस्ने वातावरण छैन भनेर आक्रोशित व्यक्तिहरूले विदेश नै पहिलो माध्यम हो भन्दै प्रचार गरिरहने प्रवृतिले विदेश जानेको लहर बढ्दो छ । विदेश जाने संख्या गनेर र नेपालमा भित्रिने रेमिट्यान्सको हिसाब गरिरहँदा ख्याल गर्नुपर्ने कुरा के हो भने, साँच्चै नेपालमा केही गर्न नसकिने नै हो त ? नेपाल केही हदसम्म अर्थतन्त्रमा कमजोर भए पनि यहाँ केही गर्न सकिँदैन भन्ने भाष्य गलत भएको अर्थविद् डा. चन्द्रमणि अधिकारी बताउँछन् । पछिल्लो समयका युवाहरूमा रोजगारीको अभाव र देशमा व्याप्त भ्रष्टाचार पनि तनावको कारक बन्न पुगेको छ।



यसका साथै युवा पुस्ता विक्षिप्त बन्नुको अर्को कारण आर्थिक वृद्धिदर घट्नु पनि हो । विश्व बैंकको तथ्यांकले सन् २०११/१२ देखि २०२३/२४ सम्म नेपालको औसत आर्थिक वृद्धिदर ४ दशमलव ३ प्रतिशत रहेको देखाएको छ। सन् २०२२/२३ मा युवा बेरोजगारी दर २२ दशमलव ७ प्रतिशत पुगेको पनि विश्व बैंकको तथ्यांकमा उल्लेख छ। जुन दक्षिण एसियामा सर्वाधिक मध्येको एक हो । अझै भदौ २३ र २४ को विध्वंशले सन् २०२५/२६ मा आर्थिक वृद्धिदर २ दशमलव १ प्रतिशतमा झर्ने प्रक्षेपणसमेत विश्व बैंकले गरेको छ । देशको अर्थतन्त्र कमजोर हुँदा विकास निर्माणका काम त परै जाओस् सामान्य जीवनशैली बाँच्न पनि असहज हुन्छ । यस्तो अवस्थामा युवापुस्तामा भोलिको भविष्य सम्झेर निराशा पैदा हुनु स्वाभाविक देखिन्छ ।

युवापुस्ताको तनाव र आक्रोशको अर्को मुख्य कारण भ्रष्टाचार मानिएको छ । जेनजी आन्दोलन पनि त्यसकै उपजका रूपमा रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको तथ्यांकअनुसार भ्रष्टाचार गर्ने देशको सूचकांकमा नेपाल १०७औं स्थानमा छ । गत वर्ष ३५ अंकसहित १०८औं स्थानमा रहेको नेपाल यस वर्ष एक अंक कम भएर ३४ अंकले १०७औं स्थानमा पुगेको हो ।

भ्रष्टाचार, सुशासन र घुसखोरीसम्बन्धी सर्वेक्षण तथा प्रश्नावलीको विश्लेषणका आधारमा ट्रान्सपरेन्सीले गरेको सर्वेक्षणबाट पछिल्ला १२ वर्षको अवधिमा नेपालको सिपिआई स्कोर र वरीयता हालसम्मकै उच्च देखिएको छ । विगतका वर्षमा नेपालको अर्थतन्त्र कमजोर भए पनि जेनजी आन्दोलनका कारण देशको अर्थतन्त्रमा झन् ठूलो समस्या आउने अर्थविद् डा. अधिकारी बताउँछन्। आन्दोलनका कारण गरिबी बढेर रोजगारी घट्ने बताउँदै उनले राजस्व, उत्पादन र युवामा निराशा बढेको बताएका हुन् । देशको उद्योगधन्दा बन्द हुने, लगानीको सुनिश्चितता नहुने र लगानीका लागि कर्जा प्रवाहमा हुने झमेलाले पनि युवाहरू नेपालमा बस्न मन गर्दैनन्। उद्योगधन्दा सञ्चालनमा राज्यबाट हुनुपर्ने सहजीकरणमा पनि राजनीतिक प्रभाव, एकै कामका लागि वर्षौंसम्म बेहोर्नुपर्ने झमेलाले सिप र क्षमता भएका युवा पनि नेपालमा बसेर काम गर्न डराउने स्थिति छ ।

## सामाजिक दबाब र कमजोर मानसिकता

- डिजिटल थकानले जेन्जी प्रोटेस्ट
- युवाले खोजे सामाजिक भूमिका

देशमा व्याप्त बेरोजगारी, भ्रष्टाचार र कुशासनले युवा पुस्तामा आक्रोश मात्र नभई असन्तुष्टि र मानसिक तनाव पनि देखिन थालेको छ । कुनै व्यक्ति असामान्य बन्नु, असामान्य व्यवहार गर्नु उसको व्यक्तिगत समस्या हुन सक्ला तर त्यो समस्याको लहरो नेपालको राजनीति र समाजसँग प्रत्यक्ष जोडिएको हुन्छ। समाजको दबाब र देशको परिस्थितिले व्यक्तिको आर्थिक र पारिवारिक जीवन जोडिएको हुन्छ। यही समस्या कालान्तरमा अपराधसम्म पुग्ने गरेको मनोविद् मधुविलाश खनाल बताउँछन् ।

निराशाकै कारण व्यक्तिले अपराध गर्छ भन्नेभन्दा पनि समाजमा हुने हत्या हिंसा र अपराधका घटनाले मानिसमा असुरक्षाको भावना पैदा हुन्छ, त्यही भावना निराशाको कारण बन्न पुग्छ । हत्या, हिंसा र बलात्कारजस्ता घटनालाई राजनीतिक पहुँचका आधारमा दबाउने, पीडकलाई उन्मुक्ति र पीडितलाई अझ बढी सामाजिक दबाब दिने नेपालको कमजोर न्यायप्रणालीले व्यक्तिको मनस्थिति कमजोर भएको देखिन्छ ।

समाजको दबाब र राज्यको बेवास्ता, जसले गर्दा मानिसहरूले आत्महत्याजस्तो गलत कदम चाल्ने गरेको प्रहरीको तथ्याकले देखाएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा आत्महत्या गर्ने मानिसको संख्या ६ हजार ९ सय ७४ रहेको छ भने २०८०/८१ मा बढेर त्यो संख्या ७ हजार १ सय ९४ पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा भने यस्तो संख्या ६ हजार ८ सय ५२ रहेको छ। पछिल्लो समय मानिसमा निराशा बढ्दा हुने आत्मग्लानिले आत्महत्याका घटना घट्ने गरेको बताउँछन् मनोविद् खनाल। सामाजिक सञ्जालमा युवापुस्ताले अधिक समय खर्चेका कारण पनि उनीहरूमा निराशा, चिडचिडाहट बढेको उनको भनाइ छ। 'सोसल मिडियाका कारण बालबालिका साइबर बिलिङमा पनि परिरहेका छन् । जेन्जी प्रोटेस्ट पनि डिजिटल थकानले गर्दा भएको जस्तो देखिन्छ,' खनालले भने । उनले पछिल्लो समयका बालबालिकाहरूले आफ्नो पहिचानको खोजी गर्दा आफूलाई रित्तो पाएको महसुस गर्ने गरेको पनि बताए । 'मेरो रोल के हो त ? मलाई अरूले कसरी हेरिरहेका छन्। यसकारणले पनि जोखिमपूर्ण व्यवहारमा बालिबालिका थाहै नपाई पनि होमिएको देखिन्छ,' खनाल भन्छन् ।

समाजमा भइरहेका विभिन्न किसिमका द्वन्द्व देख्दा हाम्रो भविष्य कता जाँदै छ ? भन्ने प्रश्न युवापुस्ताले आफैंसँग गरिरहेको पनि उनी बताउँछन् । साथै आफ्नो रुचि नभएको अध्ययन, काम गर्नुपर्दा पनि युवामा नैराश्यता देखिएको मनोविद् खनालको भनाइ छ । यस विषयमा परिवारबाट पनि दबाब सिर्जना हुँदा मानसिक अवस्थामा नकारात्मक असर पर्ने र त्यसले तनाव, निराशा बढेर आत्महत्याको बाटोसमेत रोज्ने गरेको उनले बताए। यस्ता समस्या रोक्न वा न्यूनीकरण गर्न विद्यालयस्तरबाटै सामाजिकीकरण जस्ता व्यावहारिक कुरामा जोड दिई अध्ययन गराइनुपर्ने, अभिभावकले पनि रुचिअनुसारको अध्ययन वा काम गर्न आफ्ना सन्तानलाई सहयोग गर्नुपर्ने उनको भनाइ छ। यसका साथै देशमा रहेको दक्ष जनशक्तिको पहिचान गरेर रोजगारीको सिर्जना गरिदिन सरकार तत्पर रहनुपर्नेमा उनले जोड दिए। युवा पुस्तालाई सम्बोधन गर्ने खालका कार्यक्रम ल्याउनुपर्नेमा पनि उनको जोड छ। बालबालिका र युवा पुस्तालाई तनावमुक्त जीवन जिउन सिकायो भने समाज सभ्य बन्ने उनको भनाइ छ ।

देश बनाउन समय खर्चिने युवापुस्ता भट्टी र चौतारोमा बसेर देशले केही दिएन भन्दै दिक्दार भएका छन्। बेरोजगारी यसको मूल जड हो। नेपालमा पढाइअनुसारको काम नपाउने, ठाउँमा मान्छे भयो भने पहुँचकै आधारमा ठूला पोस्टमा नियुक्त हुने तर क्षमतामा भएर पनि समान्य मान्छे छायामा पर्ने प्रवृत्ति छ । जसले गर्दा युवाहरू कुलतमा फस्ने, आपराधिक कार्यमा संलग्न हुने गरेको तथ्यांक छ। निराशाले मनोरोग नै निम्त्याउने मनोविद् खनालको टिप्पणी छ ।

## आक्रोश पोख्ने माध्यम बन्यो सञ्जाल

घट्दो नेपालको आर्थिक वृद्धिदर, विश्वको खराब सूचकांकभित्र नेपाल पर्नुले केही हदसम्म नेपालका जनता खुसी छैनन् भन्ने तथ्य प्रस्तुत गर्न सक्ला तर नेपालको सामाजिक सञ्जालमा पुराना दल र नेताप्रतिको असहिष्णु टिप्पणीले यसलाई प्रमाणित नै गर्छ । पुराना दलका कुनै शीर्ष नेताले जन्मदिनमा कुनै पोस्ट गरेको छ भने त्यसमा हार्दिक श्रद्धाञ्जली लेख्नेको संख्या उल्लेख्य हुन्छन्। नेपालका जनता अझ भनौं युवा पुस्ता पुराना दल र नेताले नै देश बिगारे, यिनैले देश लुटे भन्नेमा छन् । सामाजिक रूपमा अश्लील गालीगलौचमा उत्रिने पुस्ता जुनसुकै भए पनि ऊ मानसिक रूपमा कमजोर भएको मनोविद्हरूको बुझाइ छ। देशभित्रको व्याप्त निराशाले व्यक्तिभित्र आक्रोश भरिदिएको हुन्छ। आक्रोश व्यक्त गर्ने ठाउँ नहुँदा उसले सजिलो माध्यम सामाजिक सञ्जाललाई प्रयोग गर्छ ।

देउवा दम्पतीले कुटाइ खाँदा 'ठिक्क पऱ्यो' भनियो। कुट्दै गरेको भिडियो समाजिक सञ्जालमा पोस्ट भइसकेपछि 'यिनीहरूलाई यस्तै हुनुपर्थ्यो' भन्ने कमेन्ट गर्ने मानिसको संख्या र त्यही भिडियो सेयर गरेर वाहवाहै बटुल्ने पनि दर्जनौंमा देखिए। अलि पाका उमेरका कोही नेताको मृत्यु नै भए पनि बल्ल मन शान्त भयो भन्ने जमात पनि ठुलो छ। भदौ २३ गते आन्दोलनमा गोली चल्नुहुँदैन थियो, नहुनुपर्ने भयो तर त्यसको आक्रोशले २४ गते देश जलाइयो र भनियो बल्ल आनन्द भयो । जलाउनमा आमनागरिकदेखि उच्च दर्जाका कलाकारसम्म देखिए। एकथरीले देशका प्रशासनिक संरचनादेखि अन्तर्राष्ट्रियस्तरका होटल र सुपरमार्केटमाथि आक्रमण हुँदासमेत यो घटनाबाट भाइरल भइन्छ भन्दै तस्बिर र भिडियो लिई सञ्जालमा पोस्ट्याए। अर्काथरीले तिनै फोटा र भिडियोलाई सेयर गर्दै आक्रोश खुसीमा बदलिएको स्टाटस राखे । त्यो आक्रमणबाट भएको क्षतिले आफ्नो निराशाको पूर्ति भयो भन्नेहरू मानसिक रूपमा कमजोर हुने गरेको मनोविद् खनालको बुझाइ छ। सामाजिक सञ्जालको गलत प्रयोगले युवाहरू गलत बुझाइको सिकार भएका छन् । अभियन्ता सुनार भने देशलाई मात्र आफ्नो सम्झेर हुँदैन, देशले आफ्नो सम्झिएन भने हरेक नेपाली विक्षिप्त हुनु स्वाभाविक भएको बताउँछन् ।

आजको युग प्रविधिको युग हो । प्रविधिले विश्वलाई आफ्नै हत्केलाभित्र अटाइदिएको छ । हत्केलामा रहेको विश्वलाई हेर्दै हुर्केका नेपाली युवाले त्यहाँको रहनसहन र विलासी जीवनशैलीको सिको गर्न खोज्नु स्वाभाविक हो । नेपाल प्राकृतिक रूपमा जति धनी भए पनि आर्थिक रूपमा कमजोर अर्थतन्त्र भएको मुलुक पनि हो । विकसित देशसँग तुलना गर्दै हामी किन त्यस्तो हुन सकेनौं भन्ने आक्रोशले जोकोहीलाई निराश बनाउँछ । आफ्नो धरातल हेर्ने हो भने नेपाल युवा पुस्ताले भनेको जस्तो निराश भइहाल्नुपर्ने अवस्थामा नरहेको अर्थविद् डा. अधिकारीको बुझाइ छ । उनी सरकारलाई मात्र आजको युवाले दोषी बनाएर रोजगारीको अभाव भइरहेको भाष्य बनाइरहेको कुरा गलत भएको बताउँछन् । भन्छन्, 'नेपालमै लगानी गर्ने क्षमता हुँदाहुँदै पनि विदेश जानेको जमात सानो छैन। यहाँ केही गर्नै नखोज्ने अनि नेपालमा केही हुन्न भन्ने गर्छन् । हुनलाई त गर्नुपऱ्यो ।' महत्वोकांक्षा मात्र बढी नराखेर देशमा सम्भावना हुँदाहुँदै पनि वैदेशिक रोजगारीमा नगई देशमै श्रम गर्न उनले युवापुस्तालाई आग्रहसमेत गरे ।

### विदेश...

नयाँ कार्यविधिको सूचीकृत संस्थाले हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडसहित रक्त परीक्षण गर्दा सिबिसी, इएसआर, प्लेटलेट, क्षयरोग परीक्षण गर्दा छातीको एक्स-रे, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, म्यान्टोक्स परीक्षण, स्पुटम एएफबी, मिर्गौला परीक्षण गर्दा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छालाका रोगसमेत परीक्षण गर्नुपर्ने प्रावधान छ ।

### कार्कीले...

राजनीतिक तथा शक्ति स्वार्थमा उपयोग हुँदै आएको राअविका कर्मचारीहरूले गत जेनजी आन्दोलनले शासनसत्ता ढाल्ने र मुलुक ध्वस्त बनाउने योजनाको पहिचान गर्न सकेन। त्यस घटनापछि गुप्तचर निकायप्रतिको विश्वास घट्दो छ। सो निकायको औचित्यमाथि सरोकारवालाहरूले प्रश्न उठाएका छन्। पूर्वप्रधानमन्त्री ओलीले आफ्नो पालामा प्रधानमन्त्री कार्यालयमा गुप्तचरी निकायले लगिए पनि यही समयमा जेनजी प्रदर्शनको सूचनामा यो युनिट निकम्मा देखियो। यसअघि १५ चैत २०८१ मा भएको राजावादी प्रदर्शन होस् वा ललितपुरको बालकुमारी घटनामा मन्त्रीको गाडी जल्नेदेखि दुई युवाको ज्यान गएको घटना होस्, कुनैमा पनि गुप्तचरीको सूचना प्रभावकारी नभएको टिप्पणी भइरहेको छ। त्यस्तै २०७९ फागुनमा गोंगबुको ल्होत्से मलमा भएको लुटपाट र आगजनीमा पनि यो युनिटले सशक्त सूचनामा पहुँच पुऱ्याउन सकेको थिएन। यो निकायलाई चरम राजनीतिकरण र शक्तिशालीहरूले उपयोग गर्दा आरविको हैसियत गुम्दै गएको सुरक्षाविद्ले टिप्पणी गरेका छन्।

मध्यान्ह
www.madhyanhadaily.com



सकसमा कांग्रेस

# विभाजनबाट बचाउन मध्यमार्गी प्रयास



**डा.शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

प्रतिनिधिको हस्ताक्षर भेरिफाइतिर लाग्दा कांग्रेस विभाजनको संघारमा पुग्छ । त्यसैले नियमित महाधिवेशनको कार्यतालिका ल्याइयोस् । नत्र केन्द्रीय समितिले नै विशेष महाधिवेशनको निर्णय गरेर जानुपर्छ, म त्यही मध्यमार्गी एजेन्डामा छु ।



**पूर्णबहादुर खड्का**
कार्यवाहक सभापति

विगतमा पनि कांग्रेस टुक्रियो, त्यसैले अहिले विवादभन्दा सहमतिमै निष्कर्षमा पुग्नुपर्छ, मैले प्रयास गरिरहेको छु । एक ढिक्का भएर मुलुकको समस्या समाधानमा लाग्नुपर्नेछ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ मंसिर

देशकै पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेस आवधिक महाधिवेशनको विषयलाई लिएर तनावमा छ । बिग्रँदै गएको देशको राजनीतिक अवस्था संग्ल्याएर आमनिर्वाचनमार्फत व्यवस्थाको रक्षा र नागरिकको अवस्था सुधारमा योगदान गर्नुपर्ने कांग्रेस आन्तरिक झमेलामा फसेको छ ।

खासगरी कांग्रेसभित्र यतिबेला १५औं महाधिवेशनको कार्यतालिका ल्याउन विषयमा नेताबीच गम्भीर असहमति देखिएको छ । संस्थापन पक्षले आगामी आमचुनावपछि मात्रै पार्टीको महाधिवेशन गर्नुपर्ने अडानबाट टसमस छैन । संस्थापन इतर समूहका नेताहरू भने निर्वाचनअघि १५औं महाधिवेशन गर्नुपर्ने पक्षमा छ ।

गत असोज २८ गतेबाट जारी केन्द्रीय कार्यसमिति बैठकमा महाधिवेशनका सम्बन्धमा दुई प्रस्ताव पेस भएका थिए । कात्तिक १९ गतेको बैठकमा महामन्त्री गगन थापाले पुस १६ देखि १९ गतेसम्म महाधिवेशन गर्नुपर्ने प्रस्ताव पेस गरेका थिए । त्यसै दिन थापाको प्रस्तावलाई काउन्टर दिँदै सहमहामन्त्री महेन्द्र यादवले वैशाख २७ देखि ३० गतेसम्म महाधिवेशन गर्ने प्रस्ताव पेस गरेका छन् । महामन्त्री थापाको प्रस्ताव इतरसमूहले र सहमहामन्त्री यादवको प्रस्ताव संस्थापन समूहले समर्थन गरेपछि विवाद चर्किएको छ । विवाद मिलाउने नेताहरू पटकपटक अनौपचारिक छलफलमा बसे पनि कुनै निष्कर्षमा पुग्न सकेका छैनन् । कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालगायत पदाधिकारीले विवाद निरूपण गर्न मध्यमार्गी बाटोबाट सहमति जुटाउने प्रयास असफल भएको प्रचारविभाग प्रमुख मीन विश्वकर्माले बताए ।

महामन्त्रीद्वय गगन थापा-विश्वप्रकाश शर्मासहितका नेता तत्काल विशेष महाधिवेशन बोलाउने तयारीमा जुटेका छन् । विशेष महाधिवेशनको



माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले केन्द्रीय समितिमा पेस गरेको हस्ताक्षरमाथि समेत राजनीति भइरहेको छ । महाधिवेशन प्रतिनिधिको हस्ताक्षरलाई नजरअन्दाज गर्न नहुने भन्दै महामन्त्रीहरूले विशेष महाधिवेशनलाई निर्विकल्प एजेन्डा बनाइसकेका छन् । 'चुनाव अगाडि नियमित महाधिवेशन नहुने करिब पक्का भएपछि हामीले विशेष महाधिवेशनको विकल्प खोज्नै मिल्दैन,' केन्द्रीय सदस्य प्रतिमा गौतमले भनिन् ।

तर केही नेताहरूले महामन्त्री-सहमहामन्त्री दुवै प्रस्ताव र विशेष महाधिवेशनसमेत मिलाएर मध्यमार्गी बाटो अपनाउनुपर्ने पक्षमा छन् । त्यसमा पार्टीभित्रको इतरसमूहका नेता डा. शेखर कोइराला, सहमहामन्त्री महालक्ष्मी उपाध्याय, जीवन परियार, बद्री पाण्डेलगायत नेता छन् । मध्यमार्गबाट विवाद समाधान गर्ने प्रयासमा यी नेता सक्रिय छन् । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहितको मागलाई बेवास्ता गर्न नसकिने भन्दै नेता डा. शेखर कोइरालाले नियमित महाधिवेशन नगर्ने हो भने केन्द्रीय समितिबाटै विशेष महाधिवेशनको निर्णय गरेर जानुपर्ने बताए । उनले मध्यान्हसँग भने, 'मैले २०८२ को मंसिरभित्र १५औं महाधिवेशन गर्नुपर्ने एजेन्डामा निरन्तर लागिरहें,' नेता कोइरालाले भने, 'तर उक्त मितिमा महाधिवेशन हुन सक्ने अवस्था टरिसक्यो । अझै पनि नेताहरू तयार हुँदा पुस मसान्तभित्र नियमित महाधिवेशन गर्न सकिन्छ । यदि नियमित महाधिवेशन गर्न तयार नहुने हो भने केन्द्रीय समितिले विशेष महाधिवेशनको निर्णय गरेर जानुको विकल्प छैन । यसले मात्रै पार्टी सग्लो रहन्छ ।'

महामन्त्री गगन थापा-विश्वप्रकाश शर्मासहित इतर समूहका नेताहरूले विशेष महाधिवेशनका माग गर्दै देशभरका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर असोज २९ मै दर्ता गराइसकेका छन् । नियमित महाधिवेशन गर्दा विशेष महाधिवेशनको मागसमेत सम्बोधन हुने इतर पक्षका नेताहरूको भनाइ छ । तर नियमित महाधिवेशन नगराउँदा विशेष महाधिवेशन माग गरिएको तीन महिनाभित्र अनिवार्य भेला बोलाउनुपर्ने कांग्रेसको विधानमा व्यवस्था छ ।

विशेष महाधिवेशनका लागि संस्थापन पक्षले हस्ताक्षरकर्ताहरूको रुजु गर्ने र संख्या हिसाब गरेर अघि बढ्ने विकल्प समेत अघि सारेको छ । सो विकल्पबारे कांग्रेसले सोच्न नहुने नेता कोइरालाले बताए । उनले भने, 'हस्ताक्षर भेरिफाइतिर लाग्दा कांग्रेस विभाजनको संघारमा पुग्छ । कि नियमित महाधिवेशनको कार्यतालिका ल्याइयो नत्र केन्द्रीय समितिले नै विशेष महाधिवेशनको निर्णय गरेर शतप्रतिशत नै विशेष महाधिवेशन पक्षधर भएपछि पार्टीलाई फुटबाट बचाउन सकिन्छ । म त्यही मध्यमार्गी एजेन्डामा छु ।'

कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहितका नेताहरूले भने २०८३ वैशाखमा महाधिवेशन गर्ने तर्कबाट पछि हटेका छैनन् । सभापति शेरबहादुर देउवानिकट २८ केन्द्रीय सदस्यले भने चुनावअघि महाधिवेशन गर्नुपर्ने मागसहित पार्टी नेतृत्वलाई दबाब दिएका छन् । शुक्रबार सभापतिलाई भेटेर चुनावअघि नै महाधिवेशनको वातावरण बनाइदिन आग्रह गरेको नेता राजन केसीले बताए । उनले देउवालाई भनेका छन्, 'जेनजी आन्दोलनपछि फरक परिस्थिति बनेकाले कांग्रेस रूपान्तरण भएर जानुपर्छ । चुनावअघि महाधिवेशन हुँदा नयाँ नेतृत्व, नयाँ नीति र कार्यक्रमले पार्टीलाई फाइदा पुग्छ ।'

विशेष महाधिवेशन र वैशाखमा महाधिवेशन हुनुपर्छ भन्ने कुरा स्वीकार नहुने उनको भनाइ छ । जवाफमा सभापतिले आफूले कार्यवाहक जिम्मेवारी दिइसकेको भन्दै पार्टी एकताबद्ध हुनुपर्नेमा जोड दिएको केसीले बताए । 'मैले कार्यवाहक दिइसकेको छु, तपाईंहरूले राख्नुभएको कुरा ठिकै छ । अरू नेताहरूलाई भन्नुस् । पार्टी एकताबद्ध होस्, कुनै मनमुटाब र विखण्डन नहोस्,' सभापति देउवाको भनाइ उद्धृत गर्दै केसीले भने । यथास्थितिमा चुनावमा जान नसकिने कुरा अधिकांश नेताहरूको मत छ । केन्द्रीय समितिका करिब ६० प्रतिशत नेताहरू चुनावअगावै महाधिवेशनको पक्षमा उभिए पनि संस्थापनका केही नेताहरूले तत्काल निर्णय रोक लगाएर बसेका छन् ।

कार्यवाहक सभापति खड्काले भने सहमतिको प्रयास भइरहेको बताएका छन् । उनले भने, 'विगतमा पनि कांग्रेस टुक्रियो, त्यसैले अहिले विवादभन्दा सहमतिमै निष्कर्षमा पुग्नुपर्छ, मैले प्रयास गरिरहेको छु । एक ढिक्का भएर कांग्रेस र मुलुकको समस्या समाधानमा लाग्नुपर्नेछ ।' शनिबार हुने केन्द्रीय समितिको बैठकमा सबैलाई मान्य हुने प्रस्ताव ल्याउने तयारी भइरहेको उनको दाबी छ । तर शनिबारको बैठकले निर्वाचन आयोगमा पार्टी दर्ताबाहेक कुनै निर्णय नआउने कतिपय नेताहरूले बताएका छन् । शनिबारको निर्वाचनमा दलदर्ताको निर्णय गरेर फेरि सर्ने संकेत देखिएको छ ।

# समग्र विकासका लागि एआई अपरिहार्य : सञ्चारमन्त्री




काठमाडौं/मस-सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले देशको समग्र विकासका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अपरिहार्य रहेको बताएका छन् ।

काठमाडौंमा आयोजित 'एआई फर इन्क्लुसिभ ग्रोथः बिल्डिङ नेपाल एआई रेडी फ्युचार' कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले एआईको विकास र प्रयोगलाई उच्च प्राथमिकतामा राखेको स्पष्ट पारे ।

सञ्चारमन्त्री खरेलले व्यापक डिजिटल साक्षरता मार्फत डिजिटल विभाजनलाई कम गर्न एआईबाट अधिकतम लाभ लिनसक्नुपर्नेमा जोड दिए । मन्त्री खरेलले सरकारले 'एआई नीति २०८२' को निर्देशन अनुसार राष्ट्रिय एआई काउन्सिल र राष्ट्रिय एआई सेन्टर स्थापना गरिसकेको जानकारी दिए ।

उनले एआईको प्रयोग सबैका लागि समावेशी, नैतिक, सुरक्षित र लाभदायक हुनुपर्छ भन्ने सरकारको स्पष्ट दृष्टिकोण रहेको बताए । 'हाम्रो देशको एआई सम्बन्धी दृष्टि स्पष्ट र सिद्धान्तमा आधारित छ,' सञ्चारमन्त्री खरेलले भने, 'हामी एआई प्रविधिको प्रयोगलाई समावेशी, नैतिक, सुरक्षित र सबैका लागि फाइदाजनक बनाउने लक्ष्यमा प्रतिबद्ध छौं ।'

मन्त्री खरेलले सरकारको रणनीति डिजिटल साक्षरता विस्तार गरी डिजिटल विभाजन अन्त्य गर्ने, महिला, युवा र सीमान्तकृत समुदायलाई सशक्तीकरण गर्नेमा केन्द्रित रहेको बताए । उनले नागरिकको डेटा गोपनीयता र अधिकारको रक्षा गर्दै जिम्मेवार आविष्कारलाई प्रोत्साहन गर्ने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । उनले अगाडि थपे, 'हामी कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनजस्ता महत्वपूर्ण क्षेत्रमा एआईको प्रयोगलाई प्राथमिकता दिइरहेका छौं । साथै, एआईबाट सिर्जित आर्थिक अवसर सबैले उपयोग गर्न सकून् भनेर स्टार्टअपलाई प्रोत्साहन गर्ने अनुकूल वातावरण तयार गर्दैछौं ।'

उनले यो महत्वाकांक्षी लक्ष्य सरकार एक्लैले पूरा गर्न नसक्ने भन्दै निजी क्षेत्र, प्राज्ञिक वर्ग र अन्तर्राष्ट्रिय साझेदारको सहकार्यमा जोड दिए ।

नेपाल र भारतबीचको गहिरो मित्रताले यस सहकार्यका लागि बलियो आधार प्रदान गरेको उल्लेख गर्दै मन्त्री खरेलले अनुसन्धान, सीप विकास र ज्ञान आदानप्रदानमा सहकार्यलाई थप गहिरो बनाउनुपर्ने बताए ।

# चन्द्रनिगाहपुरमा ठूलो परिमाणमा ट्रामाडोल बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ मंसिर

रौतहटको चन्द्रनिगाहपुर क्षेत्रमा प्रहरीले विशेष अपरेसनका क्रममा ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध ट्रामाडोल बरामद गरेको छ । शुक्रबार राति गरिएको चेकजाँचका बेला एक मोटरसाइकल छाडेर तस्कर फरार भएको प्रहरीले जनाएको छ । शुक्रबार राति करिब ८ बजेतिर चन्द्रनिगाहपुरस्थित चपुर चोकबाट बजारतर्फ गइरहेको ना २५ प ६२८ नम्बरको कालो पल्सर मोटरसाइकललाई शंकाको आधारमा रोकिन संकेत गरिएको थियो । प्रहरी देखेपछि चालकले गति कम गर्दै मोटरसाइकलको लेगार्डमा झुण्ड्याइएको झोला सडकमै फालिदिएर अँध्यारोलाई



उपयोग गर्दै फरार भएका थिए ।

प्रहरीको तत्काल पछ्याए पनि ती युवा उम्किन सफल भएका थिए । पछि झोला खोल्दा ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध ट्रामाडोल फेला परेको प्रहरीले जनाएको छ । मोटरसाइकल नम्बर प्लेटका आधारमा धनीको विवरण संकलन, फरार व्यक्तिको पहिचान तथा तस्करी सञ्जाल पत्ता लगाउन जिल्लाभर खोजी अभियान तीव्र बनाइएको छ ।

# एमालेले घोषणा गर्‍यो 'नेसनल भोलेन्टियर फोर्स'

काठमाडौं/मस-नेपाल कम्युनिष्ट पार्टी एमालेको राष्ट्रिय स्वयंसेवक फोर्स (नेसनल भोलेन्टियर फोर्स) (एनभिएफ) केन्द्रीय 'कमाण्ड' घोषणा गरिएको छ ।

एमाले जनसंगठन समन्वय संयन्त्रद्वारा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत नेता तथा कार्यकर्ताको उपस्थितिमा सातै प्रदेशका प्रतिनिधित्व रहने गरी 'कमाण्ड' घोषणा गरिएको हो । पुष्पराज श्रेष्ठको संयोजकत्वमा एघार सदस्यीय टोली रहेको छ ।

संयन्त्रका संयोजक भानुभक्त ढकालले फोर्सको केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी सदस्यको नाम घोषणा गरे । टोलीमा सहसंयोजकसहित केशव रोका, लव अधिकारी यादव, जयराम लामा, विदुर शर्मा, सागर भट्ट, सञ्जीव धिताल, विनिता काफ्ले रहेका छन् । टोलीलाई पार्टीका अध्यक्ष ओलीले बधाई दिँदै सपथसमेत गराए ।

फोर्समा पार्टीका विभिन्न जनसंगठनबाट प्रतिनिधित्व हुने र ती संगठनबाट जिम्मेवारी लिइसकेका व्यक्तिलाई पनि समावेश गरिने नेता ढकालले बताए । कार्यक्रममा एमालेका पोलिटब्युरो सदस्य महेश बस्नेतले सामाजिक सुरक्षाका लागि फोर्सले काम



गर्ने बताए ।

गत असोज १५ गते भक्तपुरको गुण्डुमा उक्त फोर्स घोषणा कार्यक्रममा केन्द्रीय टोली सार्वजनिक गर्ने जनाइएको थियो । उक्त कार्यक्रममा बोल्दै ओलीले आगामी दिनमा उक्त फोर्सले एमालेप्रति विमत्ति राख्नेहरुको समेत सुरक्षा दिने दाबी गरे । पूर्वप्रधानमन्त्री ओलीले यो कसैकाविरुद्ध नभइ हिंसा र अराजकताविरुद्ध गठन गरिएको बताए । यसले जनधनको रक्षा, औद्यागिक प्रतिष्ठानको सुरक्षामा सहयोग पुर्‍याउने उल्लेख गर्दै उनले सुरक्षा निकाय र सामाजिक संस्थासँग मिलेर काम गर्ने बताए । अध्यक्ष ओलीले विघटित प्रतिनिधिसभाको पुनःस्थापनाबाट मुलुकको राजनीतिक निकास हुन्छ भन्ने पार्टीको अडान दोहोर्‍याए ।

# जेनजी प्रदर्शनका घाइतेको वर्गीकरण सुरु

**काठमाडौं/मस-** जिल्ला प्रशासन कार्यालय काठमाडौंले 'जेनजी' प्रदर्शनमा घाइते भएकाहरूको वर्गीकरण सुरु गरेको छ । शुक्रबार राष्ट्रिय ट्रमा सेन्टरमा प्रदर्शनका घाइतेको चोटपटकको गम्भीरताअनुसार वर्गीकरण सुरु गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले यथाशक्य घाइतेहरूको छिटो वर्गीकरण गरेर



स्वास्थ्य मन्त्रालयमा सिफारिसका लागि पठाइने जानकारी उनले भने, 'हामी पारदर्शी ढंगले नै घाइतेको वर्गीकरण गर्छौं । सरकारको नीतिअनुसार हामीले काम गरिरहेका छौं, यहीअनुसार घाइते भएका ७७ वटै जिल्लामा घाइतेको वर्गीकरण गरेरमा सरकारलाई सहज रूपमा विवरण प्राप्त हुनेछ ।'

प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार अस्पतालमा उपचाररत घाइतेलाई अस्पताल पुगेर वर्गीकरण गर्ने र सिफारिस गरेर पठाउने जानकारी गराए ।

# मुलुकलाई निकास दिन डा. रावलको आग्रह

**धनगढी/मस-** नवगठित नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध डा.भीम रावल र नेपाली कांग्रेस (विपी)का नेता कर्णबहादुर मल्लबीच धनगढीमा शुक्रबार भेटवार्ता भएको छ । नेपाली कम्युनिस्ट पार्टीमा आवद्ध भएपछिको डा.रावलको पहिलो सुदूरपश्चिम भ्रमणका क्रममा नेता-कार्यकर्ताहरुको भीड लागेको थियो ।

सुदूरपश्चिम प्रदेशसभाका पूर्व सदस्य मल्लले डा.रावलसँगको भेटघाटमा सुदूरपश्चिमबासीको आशा जोगाउँदै विद्यमान राजनीतिक र सामाजिक संकटबाट मुलुकलाई चाँडै निकास दिन आग्रह गरेका छन् ।

डा.रावलले सुदूरपश्चिममा वाम आन्दोलनको नेतृत्व गर्दै नेकपा (एमाले)को उपाध्यक्ष र मुलुकको उपप्रधानमन्त्रीको भूमिका निर्वाह गरेका थिए । तर अध्यक्षमा प्रतिष्पर्धा गरेको प्रतिस्पर्धा कारण केपी शर्मा ओली नेतृत्वको नेकपा (एमाले)ले उनलाई पार्टीबाट निस्कासन गरेको थियो । त्यसपछि उनले मातृभूमी जागरण अभियान गठन गरेका थिए, जुन अभियान अहिले नवगठित नेपाली कम्युनिस्ट पार्टीसँग एकीकृत भइसकेको छ । भ्रमणका क्रममा डा.रावलले मुलुकमा विद्यमान समस्याको समाधानका लागि सबै राजनीतिक दल र राष्ट्रवादी शक्तिहरुलाई एकताबद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याएका छन् । भेटघाटमा नेपाली कम्युनिस्ट पार्टीका सुदूरपश्चिम प्रदेशस्तरीय नेताहरू र कार्यकर्ताहरूको पनि उपस्थिति रहेको थियो ।

# धनकुटामा माइक्रो दुर्घटना हुँदा एक जनाको मृत्यु, १४ घाइते

**प्रवेश बिष्ट/मध्यान्ह**
विराटनगर, ५ मंसिर

काठमाडौंबाट संखुवासभाको खाँदबारी जाँदै गरेको माइक्रो बस धनकुटाको पाखिवासमा दुर्घटना हुँदा एक जना महिलाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रवक्ता डिएसपी राजन कार्कीका अनुसार बा ४ ख ५५०२ नम्बरको सप्तकोसी कम्पनीको हायस माइक्रो अनियन्त्रित भई दुर्घटना हुँदा संखुवासभा सभापोखरी-२ की ८२ वर्षीया सावित्रा कालाखेतीको मृत्यु भएको हो ।

पाखिवास नगरपालिका-५ भैंसेस्थित मध्यपहाडी लोकमार्गमा माइक्रो सडकबाट करिब ७०



मिटर तल खसेको प्रहरीले जनाएको छ । दुर्घटनापछि घटनास्थलमा ईलाका प्रहरी कार्यालय पाखिबासका प्रवक्त नारायणप्रसाद भट्टराईको कमाण्डमा प्रहरी टोली पुगेर घाइतेहरूको उद्धार गरेको थियो ।

उद्धार गरिएका सबै घाइतेहरूलाई विभिन्न सवारीसाधनमार्फत जिल्ला अस्पताल धनकुटा लगिएको थियो । दुर्घटनामा परी धनकुटा महालक्ष्मी-३ प्रहरी जवान सुजता गिरी, संखुवासभा सिलिचुङ-३ को सगीता राई र नरेन्द्र राई, संखुवासभा पाँचखपन-९ का लमु शेर्पा, उदयपुर लिम्चुङबुङ-१ का निर्जला राई र बिनिता राई जेसन राई घाइते भएका छन् । त्यस्तै, सिन्धुलीका सन्तबहादुर तामाङ, भोजपुर साप्लासिलिचुङ-५ पासाङ शेर्पा घाइते भएको प्रहरीले जनाएको छ ।

माइक्रो चालक दिपेन्द्र बुढाथोकी र खाँदबारी-७ का रत्नबहादुर विक गम्भीर घाइते भएका छन् । उनीहरुलाई जिल्ला अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा रेफर गरिएको छ । दुर्घटनाको कारण खुलेको छैन भने थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पुस्तक-समीक्षा

# औंसीको जुन : अहंकारको अन्त्य र सत्यको खोजी

*'औँसीको जुन' केवल एउटा उपन्यास मात्र नभई समय, समाज र मानवीय चेतनाको दस्तावेजका रूपमा अवतरित भएको छ । यसले युगको संवेदना, मान्छेको पीडा र प्रेमका विविध आयामलाई कलात्मक ढंगले प्रस्तुत गरेको छ ।*



■ रामराजा केसी

नेपाली साहित्यले यथार्थका विविध आयामलाई कलात्मक रूपान्तरणमार्फत समाज, समय र व्यक्तिबीचको अन्तरसम्बन्ध उजागर गर्दै आएको छ । विशेषगरी उपन्यास विधाले सामाजिक र सांस्कृतिक परिवेशमा मानव चेतनाको जटिलता र संवेदनशीलतालाई प्रस्ट पार्ने सशक्त माध्यमका रूपमा काम गरेको छ । यसै सन्दर्भमा चन्द्रलाल तामाङको 'औँसीको जून' नेपाली उपन्यास जगतको एक उल्लेखनीय कृति हो, जसले प्रेम, संघर्ष र सामाजिक चेतनालाई मनोवैज्ञानिक तथा दार्शनिक धरातलमा स्थापन गरेको छ ।

सिन्धुलीको गोलन्जोर-४ मा जन्मिएका तामाङ परम्परागत संस्कृतिको आदर गर्दै आधुनिक चेतनासँग निर्भीकतापूर्वक सिर्जनशीलता पोख्ने सशक्त साहित्यकार हुन् । उनको लेखनीमा लोकजीवनको गहिरो बोध, मानवीय संवेदना र विचारको सौन्दर्य सन्तुलित रूपमा अभिव्यक्त हुन्छ । उनको सिर्जनाले परम्परा र आधुनिकताको सुन्दर संगम प्रस्तुत गर्दै समग्र नेपाली साहित्यलाई नूतन चेतना प्रदान गर्छ । उनको हालै प्रकाशित 'औँसीको जून' उपन्यास अहंकारको अन्त्य र आत्मसाक्षात्कारको कथा हो । मानवीय पीडा, भ्रम, घृणा र यथार्थबीचको द्वन्द्वलाई लेखकले अन्तरचेतनाको तहमा खोलेका छन् । मानिसको अन्तरचेतनाबाट उत्पन्न विचार नै आत्मबोध र सत्यतर्फको यात्रा हो भन्ने धारणा यस कृतिले उजागर गर्छ ।

यस उपन्यासमा मौनतालाई प्रतिरोधको रूप, प्रेमलाई अस्तित्वको खोज र आत्मबोधलाई समयको गतिशीलताका रूपमा चित्रण गरिएको पाइन्छ । यसरी उपन्यासमा केवल मनोरञ्जन वा घटनाको विवरण मात्र नभई नेपाली समाजको संरचनात्मक द्वन्द्व, मानव अस्तित्वको बौद्धिक संघर्ष र सांस्कृतिक चेतनाको गहिरो दर्शन छ ।

### उपन्यासको संगठनात्मक संरचना

उपन्यास संरचनात्मक दृष्टिले बहुआयामिक र व्यवस्थित छ । यसमा व्यक्तिगत, पारिवारिक, सामाजिक र नैतिक आयामहरूलाई स्पष्ट अनुक्रममा प्रस्तुत गरिएको छ । उपन्यासको प्रारम्भ नारायण वासुको बाल्यकालको सम्झनासँगै जीवनको नयाँ यात्रा र संघर्ष, किशोर अवस्थामा विपरीत लिंगप्रतिको आकर्षण र त्यसले निम्त्याएका प्रगतिशील आयाम, यसबीच गीता पात्रको प्रवेशले नारायणको जीवन नदीझैं सलल अगाडि बढ्छ । राजनीति र त्यसले पारेको प्रभावको चिरफार हेमा पात्रमार्फत गरिएको पाइन्छ । गीताको जीवनमा सुवास नामको पात्र प्रवेश भएपछि कथाले नयाँ मोड लिन्छ । यही मोड कथाको मियो बन्दै अगाडि बढ्छ ।

कथाको उत्कर्ष नायकको आत्मबोध, क्षमा र पुनर्मिलनमा देखिन्छ । विदेशमा रहँदा नायकले गरेको गल्ती र त्यसको परिणामसँग जुधेर उनले आफ्नो अहंकार नष्ट गर्दै जीवन पुनर्निर्माण गर्छन् । उत्कर्षले कथा भावनात्मक र नैतिक रूपमा सशक्त बनाउँछ । गीतामार्फत परिवारमा स्थायित्व, सुवासको स्वास्थ्य सुधार र पारिवारिक मेलमिलापले कथा समाधानतर्फ अग्रसर हुन्छ, जसले पाठकमा समाजशास्त्रीय, नैतिक र भावनात्मक सन्तुलनको अनुभव गराउँछ ।

कथा बहुआयामिक छ । यसले व्यक्तिगत पक्ष (नारायणको आमा, नारायण, गीताको जीवन संघर्ष, सुवासको स्वास्थ्य, गीताको पारिवारिक हेरचाह), सामाजिक पक्ष (नारी-पुरुष समानता) र नैतिक पक्ष (क्षमा, सेवा, जिम्मेवारी)लाई एउटै संरचनामा मिसाएको छ । यसरी कथाको संगठनात्मक संरचनाले गहिरो अर्थ र बहुआयामिक दृष्टान्त प्रदान गर्छ । कथाका प्रत्येक चरण-संकट, सेवा, आत्मबोध, पुनर्मिलन-मुख्य विषयसँग जोडिएका छन् । संरचना केवल घटनाको क्रम मात्र नभई नारीको शक्ति, प्रेम, क्षमा, समाज र नैतिक आचरणलाई एकीकृत ढाँचामा प्रस्तुत गर्छ । विषयगत दृष्टिले सुसंगत, व्यक्तिगत, पारिवारिक, सामाजिक र नैतिक आयाम क्रमबद्ध तर सजीव ढंगले प्रस्तुत गरिएको छ, जसले कथालाई केवल मनोरञ्जनात्मक नभई बौद्धिक, समाजशास्त्रीय, नैतिक र सौन्दर्यात्मक दृष्टिले प्रभावकारी बनाएको छ ।


### सिद्धान्त र दृष्टिकोणबाट नियाल्दा

औँसी अन्धकारको रूपक हो भने जून आशाको प्रतीक हो । यसले नेपाली समाजको अस्तित्ववादी द्वन्द्व-अन्धकार र आशाबीचको संघर्षलाई मूर्त रूप दिन्छ । 'औँसीको जून' उपन्यासलाई समाजशास्त्रीय दृष्टिकोणले हेर्दा व्यक्तिगत मात्र नभई पारिवारिक र सामाजिक संरचनासँग गहिरो रूपमा जोडिएको देखिन्छ । नारायणको विदेश बसाइ, युवामा विदेश-पलायनवादी जीवनशैली र परिवारप्रतिको दूरीले देखाउँछ कि व्यक्तिगत असफलता सामाजिक संरचनाबाट पनि प्रभावित हुन्छ । गीता यहाँ सामाजिक स्थायित्व र जिम्मेवारीको प्रतिमूर्ति हुन् । आमा, गृहिणी र सहचरीका बहुआयामिक भूमिकामार्फत उनले परिवारलाई सन्तुलनमा राख्छिन् । यसले नारीको योगदान, शक्ति र सामाजिक उत्तरदायित्वलाई स्पष्ट पार्छ ।

नारायण-गीताबिचको पुनर्मिलन केवल व्यक्तिगत प्रेम मात्र नभई सामाजिक न्याय र सहिष्णुताको प्रतीक हो । यसले नारी-पुरुष समानता, दुवैको बराबरी जिम्मेवारी र परिवारको महत्त्वलाई उजागर गर्छ । कथाले देखाउँछ कि समाजमा सहकार्य, क्षमा र मानवता अनिवार्य मूल्य हुन् । यसरी कथाले परिवार, समाज र व्यक्तिगत जीवनबीचको अन्तरसम्बन्ध प्रस्ट पार्छ । प्रेम, सेवा र जिम्मेवारीको संयोजनले सामाजिक न्याय र सहिष्णुताको आदर्श प्रस्तुत गर्छ ।

सुवासको उद्योगतापूर्ण जीवन, रक्सी-चुरोटमा डुबाइ र परिवारप्रतिको जिम्मेवारीमा असफलता कथाको अँध्यारो पक्ष हो, जसलाई गीताको प्रेम, सेवा र समर्पणले उज्यालो बनाउँछ । गीता यहाँ आमा, साथी, चिकित्सक र प्रेरकका बहुआयामिक रूप प्रस्तुत गर्दै नारीको शक्तिशाली तर संवेदनशील सौन्दर्य प्रकट गर्छिन् । प्रेम, क्षमा र पुनर्मिलन कथाको सौन्दर्यात्मक उत्कर्ष हुन् । नारायण-गीताको पुनर्मिलन केवल व्यक्तिगत सम्बन्धको पुनर्स्थापना होइन, यो जीवनको नैतिक र सौन्दर्यात्मक पुनर्जागरणको प्रतीक हो । यसले देखाउँछ कि मानवीय कमजोरी र गल्तीका बाबजुद प्रेम, आस्था र जिम्मेवारीमार्फत जीवनलाई पुनः सुन्दर बनाउन सकिन्छ । नारी-पुरुष समानता, सम्बन्धको स्थायित्व, वृद्ध र बालबालिकाको हेरचाहजस्ता मूल्यहरूले कथालाई समाजव्यापी अर्थ प्रदान गर्छन् । यसरी नारीत्व, संवेदनशीलता र जीवनका उज्याला-अँध्यारा दुवै पक्षलाई सौन्दर्यपूर्ण ढंगले प्रस्तुत गर्दै कथाले पाठकमा गहिरो भावनात्मक र नैतिक प्रभाव पार्छ ।

उपन्यासका महिला पात्रहरूको पीडा, मौनताभित्रको सत्यता केवल व्यक्तिगत शून्यता मात्र होइन, पितृसत्तात्मक अवैधानिक संरचनाले थोपरेको वैधानिकता हो । उनीहरूको प्रतिरोध, अस्वीकार र आत्मसमीक्षाले विद्यमान असमानताको रेखाहरू भत्काउनुपर्छ भन्ने भाव देखाउँछ । जनयुद्ध, संघर्ष, अपांगता, अपूर्ण सपना, घाइतेपना, उपचार, शान्ति प्रक्रिया, राजनीतिक संक्रमण र आजको निराशाजनक अवस्थाबीच भावनात्मक सहानुभूति र ऐतिहासिक तथा राजनीतिक पृष्ठभूमि-२०६२/६३ को जनआन्दोलन, समग्र राजनीतिक व्यवस्था र माफियाकरणप्रति गहिरो आक्रोश-उपन्यासमा अभिव्यक्त गरिएको छ । यसरी व्यक्तिगत अनुभव र सामूहिक राजनीतिक यथार्थलाई जोड्नु उपन्यासको ठूलो बल हो । प्रत्यक्ष संवाद र आत्मकथ्य शैली प्रयोग भएकाले कथा जीवित र रोचक बनेको छ । राजनीतिक आक्रोशलाई काव्यात्मक भाषाशैली-'सिंहदरबार छिरेका स्यालहरू...', 'देशको आकाशमा झन्डा फर्फराउँछ तर हावामा माफियाको गन्ध मिसिएको छ'-जस्ता गहिरा अभिव्यक्तिले क्रान्तिचेतनासँग जोडिएको देखिन्छ । सँगै, मनोवैज्ञानिक दृष्टिले 'औँसीको जून' आत्मविनाश, अपराधबोध र अस्थिरताबाट पुनर्जन्मको यात्रा हो । सुवासले रक्सी र पलायनमार्फत मानसिक पीडा लुकाउँछन् भने गीता प्रेम, क्षमा र समर्थनमार्फत उनलाई जीवनतर्फ फर्काउने प्रयास गर्छिन् । गीता केवल सुसारे मात्र होइनन्, चिकित्सक, आमा र साथीका भूमिकामा सुवासलाई भावनात्मक सन्तुलन दिन्छिन् । त्यस्तै, नारायणको प्रेमलाई सन्तुलनमा राख्न स्वयं भ्रमको भुमरीमा फसेर पनि गीता प्रेमलाई पुनरुत्थानको भूमिकामा प्रस्तुत गर्छिन् । कथाको मुख्य मोड आत्मबोध र सत्यलाई स्वीकार गर्नु नै हो, जसले अपराधबोधलाई शुद्धीकरण गर्दै पुनर्मिलन र मानसिक उपचार सम्भव बनाउँछ ।




यस उपन्यासमा पारम्परिक लेखनशैलीका अतिरिक्त उत्तरआधुनिक दृष्टिकोणको प्रयोग पाइन्छ । कथानकको रैखिकताभन्दा बढी अनुभवहरूको खण्डीकरण, स्मृतिका झिल्काबाट भविष्य हेर्ने दृष्टिकोण, जीवित मनको सत्यानुभूतिमार्फत मौनतालाई विखण्डित गर्ने प्रवृत्ति देखिन्छ । आधुनिक जमानाको विखण्डित विचारलाई पारम्परिक जीवनदर्शनमार्फत जोगाइ राख्ने उच्च कोटिको भूमिका यसले निर्वाह गरेको छ । ठाउँ-ठाउँमा प्रयोग भएको प्रविष्ट गद्यात्मक शैलीले पारम्परिक लेखनलाई अझ मिठास र रौनकतर्फ तानेको छ ।

प्रेमलाई उपन्यासमा न केवल रुमानी भावनाको रूपमा देखाइएको छ, न त शारीरिक आकर्षणको रूपमा मात्र । यसलाई समग्र प्राणी अस्तित्वको जननीका रूपमा चित्रण गरिएको छ । तर प्रेमभित्र देखाइएको दरार, आत्मालोचना, प्रायश्चित र समझदारीले विश्वासको संकट, अनिश्चितता, असुरक्षा र प्रेम अभावलाई देखाउने प्रयास गरेको छ । अन्त्यमा प्रेम विश्वास र समझदारीमा नै जीवित रहन्छ भन्ने सन्देश दिएको छ ।

उपन्यासका पात्रहरूको बहुआयामिक चरित्रले प्रेम, पीडा, असमानताको द्वन्द्वात्मक अवस्थाबाट गुज्रँदै अन्त्यमा मिलनको सुखानुभूतिको विसर्जन पाउँछ । नारी पात्रहरू कोमल, अबोध र निर्दोष भए पनि क्षमाशील, सहनशील, स्विकारोक्तिपूर्ण र भविष्यप्रति आशावादी देखिन्छन् । सत्यको लडाइँमा उनीहरू नै विजयी हुन्छन् । पुरुष पात्रमा अपराधबोध, आत्मसंघर्ष र उद्धारताका आयाम प्रबल देखिन्छन् । पात्रहरूले हतियार उठाउँदैनन् तर कारुणिक क्रान्ति गर्छन् । सत्यलाई स्वीकार्छन्, अहंकारको अन्त्य र सहअस्तित्वको सिद्धान्तको उदय गराउँछन् ।

### निष्कर्ष

'औँसीको जून' केवल प्रेमकथा होइन; यो मौन विद्रोह, सामाजिक विद्रोह, प्रेममा सहअस्तित्ववादी खोज, आत्ममोचन र सत्यताको जीत हो । यसले नेपाली समाजको लैङ्गिक असमानताको प्रतिरोधलाई कलात्मक रूपमा अभिव्यक्त गर्छ । मिथक, प्रतीक र रूपकको गहन प्रयोगले पुस्तकलाई नयाँ उचाइ दिएको छ । चन्द्रलाल तामाङको यस कृतिले नेपाली उपन्यास परम्परामा नयाँ आयाम थपेको छ । यो नारीत्व, समाज, पारिवारिक जिम्मेवारी, आत्मबोध र नैतिक पुनर्जागरणको बहुआयामिक चित्रण हो ।

यसले व्यक्तिगत र सामाजिक जीवनका चुनौती, गल्ती र त्यसपछि क्षमामार्फत पुनर्जन्मको मार्ग प्रस्तुत गर्छ । गीता र नायकको पुनर्मिलनले देखाउँछ कि जीवनमा असफलता वा व्यक्तिगत त्रुटि भए पनि प्रेम, सेवा र नैतिक प्रतिबद्धताबाट जीवनमा उज्यालो फर्कन सक्छ । यो कथा बहुआयामिक र प्रेरणादायक दृष्टान्त बनेको छ । यसले जीवन, समाज, परिवार र मानव संवेदनशीलताको वैज्ञानिक विश्लेषण गरेको छ । व्यक्तिगत मनोविज्ञान, पारिवारिक, समाजशास्त्रीय र नैतिक विज्ञानलाई एकसाथ प्रस्तुत गर्दै यसले नारीको शक्ति, पुरुषको जिम्मेवारी, सामाजिक न्याय, प्रेम, क्षमा र पुनर्मिलनको बहुआयामिक भावनात्मक अन्तर्दृष्टि प्रदान गर्छ ।

यो कृति केवल एउटा उपन्यास मात्र नभई समय, समाज र मानवीय चेतनाको दस्तावेजका रूपमा अवतरित भएको छ । यसले युगको संवेदना, मान्छेको पीडा र प्रेमका विविध आयामलाई कलात्मक ढंगले प्रस्तुत गरेको छ । चन्द्रलाल तामाङको लेखनशैलीमा मौलिक दृष्टि, गहिरो मनोविश्लेषण र सशक्त अभिव्यक्तिको समन्वय पाइन्छ, जसले उनलाई आधुनिक नेपाली उपन्यास लेखनमा एक सशक्त परिचय दिलाउने सुनिश्चित देखिन्छ ।

कविता

## एकबार जिन्दगी



गीता त्रिपाठी

संघर्ष त के हो र
एकबार जिउनु न हो
समयसँगै आयो, हँसायो
सपनाझैं छरपस्ट ।

आज दौडिरहेको छ
भोलि विश्राम हुन्छ
आज पढ्दै छु
भोलि थचक्क हुनु छ ।

बैंस, जवानी, जिम्मेवारी सबै
चटक्क छोडेर जानुपर्ने
साँचो साथी त
घाट पो रहेछ ।

संघर्षमै
कसैले महल ठड्याउँछन्
कसैले सम्झनामा मित्रता
तर अन्त्यमा सबै
शून्यतामै हराउँछन् ।

अन्ततः
न त संघर्ष बलियो रहिरहन्छ
न त उमेरले साथ नै दिन्छ
न त जवानी नै फर्केर आइदिन्छ
न त भौतिकता नै रहन्छ

जे रहन्छ
स्मृतिका पानामा जीवनका संघर्ष मात्र
र त्यो क्षणिक जीवनलाई
बाँधेर राख्ने
एकबारको संघर्ष ।

कविता

## के म नेपाली होइन र ?



टहल दाहाल 'नवकिरण'

बग्दै बग्दै 'हिन्द' पुग्छ कर्णाली
सिमाना नाघे पनि छालले
कहिल्यै भुल्दैन कर्णालीले 'कर्णाली'
जसरी भुल्दैन वृक्षले पवन
जसरी भुल्दैन माटोले पृथ्वी
भुल्दिनन् माताले मातृत्व !

पखेटा बनेर आकाशमा
भुलेर भूगोलका सीमा-रेखा
निस्फिक्री विचरण गर्छे कोइली
पुग्छे ल्हासा त आसामसम्म पनि
तर, भुल्दिन आफ्ना बचेराहरू
र, त घाम नडुब्दै क्षितिज पारी
फर्किन्छे आफ्नै रनबन !

थोरै रहर त धेरै बाध्यताका पर्खालहरू नाघेर
छोडेर आमाको न्यानो माया
छोडेर बाबुको कर्तव्य बोध
छोडेर प्रियसीको अँगालो
आइपुगेको छु विदेशी भूमिमा
डायस्पोराको साँघुरो आँगनबाट
नियालिरहेछु लुम्बिनीको शान्ति चोक !

थुनिएर ट्रम्पको साँघुरो पिँजडाभित्र
रोबोट समयको परिधिभित्र
एका बिहानै मिचेर नयनहरू
म सुस्ता पढिरहेछु
लिम्पियाधुरा सम्झिरहेछु
आमा,
भौतिक हिसाबले यता रहे पनि
मन त्यतै पोखिएको छ
सम्झना त्यतै दौडिएको छ
सुनामी छाल बनेर ।

म आफ्नो गर्वका साथ,
सगरमाथालाई आफ्नो शिर बनाएर
सधैं ! विश्वभरि चम्किरहने
पिरमा पनि/भिरमा पनि
अटल रहने म नेपाली !

हाम्रा महान् विद्वान् विदुषी, कलाकार, साहित्यकार
र, नेता नेतृत्वहरूको जन्म लिएर
योग्य, सक्षम र स्वावलम्बीको
दिग्दर्शन सिकाउँदै
देशकै उँचो ओहोदामा पुग्न सक्ने
कुशल वीर सन्तानको जन्म दिइरहने
त्यही म नेपाली !

षडानन्द, बुद्ध, भृकुटीलाई छातीमा बोकेर
शेर्पा, गुरुङ, राई, मगर, श्रेष्ठ, विक, मोते
जिरेल, रम्तेल, ब्राह्मण, क्षेत्री आदि
सबैलाई वरिपरि साक्षी राखी
जहाँ सदैव मिठो स्वरमा 'गीत' गाइरहने
त्यही म नेपाली !

हाम्रा बाजेले खाँबो गाडेका तपो भूमिमा उभिएर
आँप, चाँप, गुराँस, सुनाखरी, बुकी फुलहरूको
आफ्नो/आफ्नो सुन्दरता एकरूपता देखाएर
जीवन्त सजिएको देखिने
हो, त्यही म नेपाली !

# विचलित हुँदा सम्हाल्ने अतीतका यादहरू

अनुभूति



■ नयनराज पाण्डे

*खेलसित जीवन र जगतका फराकिला र विविध आयाम जोडिएका हुँदा रहेछन् । समाजका लागि शिक्षा जति महत्वपूर्ण छ, खेलकुद पनि उत्तिकै महत्वपूर्ण हुँदो रहेछ । स्वस्थ समाज निर्माणमा खेलकुद साह्रै महत्वपूर्ण हुने रहेछ ।*

आँख मिचौली/लच्छी डाँडी/आइसपाइस्, लुकामारी, छुपनछुपाइ या आँखमिचौली/गुल्लीडन्डा/गोली या कन्चा/खोप्पीढुस/कबड्डी/एक्खटदुक्खट या लँगडी टाँग/गट्टा/लुडो र साँपसिढी/सतोलिया/चेस अर्थात् शतरंज, डोरी अर्थात् रस्सी घुमाएर खेलिने खेलहरू, चि मुसी चि/बोल मेरी मछली कित्ता पानी, तासका जुट पत्ती, किट्टी र चल सत्र/लट्टु आदि इत्यादि ।

यी सबै बाल्यकालमा मैले खेलेका खेल हुन् । कुनै आउटडोर, कुनै इन्डोर । यीमध्ये धेरै खेल खेल्दा पैसा लाग्दैनथ्यो । साथीहरूको संख्या धेरै या थोरै जति भए पनि हुन्थ्यो । लुडो, साँपसिढी, शतरंज या तासका खेल एक ठाउँमा बसेर खेले पनि अरू धेरै खेल जमिन या माटोसित जोडिएका खेल हुन्थे । त्यसैले घर आउँदा धुलो मैलो हुन्थें । विद्यालयको माध्यमिक तहमा पुगेपछि क्रिकेटसित पनि आत्मीय भइयो । फुटबल, ब्याडमिन्टनतिर पनि आकर्षित भइयो । यी खेलहरूसित परिचित भएपछि पैसाको आवश्यकता पनि पर्न थाल्यो । त्यसपछि पैसाको महत्व पनि बुझियो । आफूसितको बजेटले ब्याडमिन्टनका लागि कर्क किन्ने कि क्रिकेटका लागि ब्याटबल ? हिसाबकिताब गर्न थालियो । त्यसपछि आफ्नो आर्थिक हैसियतअनुसारको खेलसित जोडिन थालियो । यसले फाइदा के भयो भने आफूलाई आफ्नो क्षमता र हैसियत दुवै थाहा हुँदो रहेछ । कहिलेकाहीँ पैसाकै अभावका कारण आफूले चाहेको खेल खेल्न नपाएर खिन्नता बोध भए पनि आज आएर लाग्छ, हामीले आफ्नो हैसियतअनुसारको आर्थिक व्यवस्थापन गर्ने कौशल त्यति बेलै सिकेका हौं ।

त्यतिखेर यी खेल मनोरञ्जनका लागि मात्र हुन् भन्ने लाग्थ्यो । तर आज आएर थाहा पाएँ, यी खेल मनोरञ्जनबाहेक स्थानीय संस्कृतिको हिस्सा पनि रहेछन् । पसिना र माटोसितको साइनो गाँसिदिँदा रहेछन् खेलहरूले । साथी र समाजसित अन्तर्क्रिया गर्ने रोचक माध्यम रहेछ खेलकुद । हरेक खेलसित उत्सुकता, उमंग, उत्साह, प्रतिस्पर्धा आदिका भाव जोडिएका हुन्छन् । यी भावले हामीलाई रचनात्मक र सिर्जनात्मकसँगै विविध किसिमका संवेग र संवेदनासित पनि जोड्छन् । यिनले हामीलाई नियमसित परिचित गराउँछन् र अनुशासनको पाठ पनि पढाउँछन् । कहिलेकाहीँ खेलमा परिमार्जन गरेर नयाँ किसिमको रचनात्मकतासित अभ्यस्त पनि बनाउँछन् । शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्यसित पनि यी खेल जोडिएका हुन्छन् । यी खेलमा आफूसित खेलिरहेको अर्को पात्रको मनोविज्ञानको अध्ययन गर्न पनि सघाउँदा रहेछन् । म अहिले साहित्य लेखन क्षेत्रमा छु । म व्यक्तिका मानसिकतालाई बुझ्ने प्रयत्न गरिरहन्छु हरदम । यो सबै गुण मैले बाल्यकाल या किशोरावस्थामा खेलेको खेल र ती खेलसित जोडिएका मेरा साथीभाइसितको संगतबाटै प्राप्त गरेको हुँ । त्यसैले म जीवनपर्यन्त ती खेल, खेलका सहभागी साथीहरू, मैले लुटुपुटु गरेको जमिनको बास्ना, आफ्नै र साथीहरूको शरीरबाट बगेका पसिनाहरूको सुगन्धलाई कहिले पनि बिर्सन सक्दिनँ । म वर्तमानबाट जबजब विचलित हुन्छ, तबतब मलाई अतीतका यी यादहरूले सम्हाल्छन् । त्यसैले यी यादहरू अप्रत्यक्ष किसिमले मेरो मानसिक स्वास्थ्यका ओखती पनि हुन् ।

यी त भए मेरा निजी अनुभूतिहरू ।

तर खेल त हामीले मानेको धर्म र अंगीकार गरेका संस्कृति र परम्परालाई समृद्ध बनाउने सानदार कुरा रहेछ । शिव र पार्वती मनोरञ्जनका लागि कौडा खेल्दा रहेछन् । महाभारतमा त झन् पासाको खेलले युद्धसम्मको स्थिति ल्याएको विश्लेषण गर्न सकिन्छ । मधेश त बेलाबेलामा मुगल या अवध संस्कृतिसित पनि जोडिएको भूमि हो । त्यसैले मधेशले नबाबहरूले खेल्ने शतरंज, घुडदौड या चौपड खेललाई पनि बुझेको छ र यी खेलसित जोडिएको राजनीतिलाई पनि बुझेको छ । त्यसैले मधेश कहिलेकाहीँ आफ्ना नेताहरूसित असन्तुष्ट भएर सोध्छ, 'हामी कहिलेसम्म तिमीहरूको शतरंजको गोटी भइरहने ?'

मैले नेपालगन्जसित जोडिएको आफ्नो बाल्यकाल र किशोर वयका अनुभूतिका आधारमा खेलबारे यति कुरा लेखेको हुँ । विद्यालय शिक्षाकै क्रममा वीरेन्द्र रनिङ सिल्डका बेला हुने एथलेटिक्स र त्यसबाहेकका भलिभल, फुटबल, ब्याडमिन्टनलगायतका खेलसित परिचित भएको हुँ । स्थानीय युवा हकी पनि खुब खेल्थे । पछि नेपालगन्ज शारीरिक सुगठन र भारोत्तोलनजस्ता खेलका लागि पनि प्रख्यात हुँदै गयो । खेल मनोरञ्जन, शारीरिक क्षमताको परीक्षण गर्ने प्रतियोगिता मात्र पनि होइन रहेछ । खेलाडीहरूमा राजनीतिक चेत पनि हुँदो रहेछ र त्यसले समाज रूपान्तरण या राजनीतिक परिवर्तनमा पनि उल्लेख्य भूमिका निर्वाह गर्दो रहेछ भन्ने कुरा नेपालगन्जका खेलाडीहरूले पञ्चायतकालमा गरेका प्रतिरोधी प्रयासले पनि पुष्टि गर्दो रहेछ ।

अब त नेपालगन्ज अन्तर्राष्ट्रिय परिदृश्यमा पनि चिनिन थालेको छ । र यसरी चिनाउने काम गरिरहेछ- नेपालगन्ज म्याराथनले । यसबाट साबित हुन्छ खेलकुद त अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान, परिचय र हैसियत स्थापित गर्ने महत्वपूर्ण माध्यम पनि रहेछ ।

खेलसित जीवन र जगतका फराकिला र विविध आयाम जोडिएका हुँदा रहेछन् । समाजका लागि शिक्षा जति महत्वपूर्ण छ, खेलकुद पनि उत्तिकै महत्वपूर्ण हुँदो रहेछ । स्वस्थ समाज निर्माणमा खेलकुद साह्रै महत्वपूर्ण हुने रहेछ ।

व्यवस्थापन गर्न जानियो भने खेल अर्थतन्त्रलाई मजबुत बनाउने कुरा पनि रहेछ । आज फुटबलसित खेलाडीको जीवन या भविष्य मात्र जोडिन्न, खेल सामग्री बनाउने उद्योग, रंगशाला आदि निर्माण गर्ने इन्जिनियरदेखि कामदारसम्म, टिसर्ट या अरू प्रचार सामग्री निर्माण गर्ने उद्योगधन्दासम्मका कुरा जोडिन्छन् । त्यससँगै जोडिन्छन् रोजगारका विविध आयाम र अवसर ।

छिमेकी भारतमै हेरौं, क्रिकेट त्यहाँ संस्कृतिजस्तै भइसकेको छ । त्यससित अर्थतन्त्रका धेरै पक्ष जोडिएका छन् । देशको समृद्धिसँगै सामाजिक सद्भाव र राष्ट्रिय एकताका लागि पनि यो महत्वपूर्ण कुरा भएको छ ।

*पढोगे, लिखोगे तो बनोगे नबाब*
*खेलोगे कुदोगे तो बनोगे खराब ।*

घर परिवार या समाजमा व्याप्त यो मानसिकतामा हुर्किएको हुँ म । तर अहिले मेरै घरपरिवार, छरछिमेकी या म बाँचिरहेको समाजले खेलकुद र खेलाडीहरूलाई जुन सम्मान दिइरहेछ, त्यसले भविष्यमा खेलकुद भन्ने कुरा झनै गरिमामय हुने कुरा निश्चित छ । तर समस्या हाम्रो शासकीय चिन्तनमै छ । यसले खेललाई आज पनि उत्तिकै महत्व दिएको लाग्दैन । खेलकुदसित जोडिएका संस्थाहरूमा फोहोर राजनीति घुसेको छ । खेलाडीहरूको मनोबल बढाउने, उनीहरूको आर्थिक हैसियतको विकासका लागि राज्यले केही गरिरहेकै जस्तो देखिन्नँ । यो निराशाजनक परिदृश्य अवश्य हो । तर खेलकुद भन्ने यस्तो कुरा रहेछ, यसले अनेक संघर्ष गरेर भए पनि आफ्नो हैसियत र स्थान पक्का गरिछाड्दो रहेछ ।

# मध्यपहाडी सडकमा नाली जाम ग्रामीण सडक जोखिमपूर्ण



**बालाराम शेर्पाली / मध्यान्ह**
रुकुमपूर्व, ५ मंसिर

मध्यपहाडी लोकमार्गमा नाली सफाइ नहुँदा र ग्रामीण क्षेत्रमा नयाँ सडक निर्माण गर्दा नाली नै नबनाइदा रुकुमपूर्वका अधिकांश सडक वर्षेनी जोखिमपूर्ण बन्दै आएका छन् । वर्षा सुरु हुनेबित्तिकै पानी निकास नहुँदा सडक भत्किने, हिलाम्मे बन्ने र यातायात अवरुद्ध हुने समस्या दोहोरिरहेको छ ।

स्थानीयवासीका अनुसार वर्षौंदेखि थुनिएका नाली सफाइ नहुनु सडक बिग्रनुको मुख्य कारण हो । पानी सिँधै सडकमै बग्ने हुँदा सतह चिरिने, खाल्डाखुल्डी बढ्ने र यात्रा जोखिमपूर्ण हुने गरेको छ । सिस्ने, पुथा उत्तरगंगा र भूमे गाउँपालिकाका ग्रामीण सडकहरूमा पनि यही समस्या दोहोरिएको छ ।

उद्योग वाणिज्य संघ रुकुमपूर्वका अध्यक्ष केबेन्द्र गौतमले नयाँ सडक निर्माणमा नाली छुट्ने प्रवृत्ति अझै कायम रहेको बताए । उनले भने,'डोजर त पुग्छ, नाली बनाउने सोचचाहिँ पुग्दैन । मध्यपहाडीमा समेत नाली सफाइ नगर्दा समस्या ग्रामीण सडककै जस्तो भइरहेको छ ।'

स्थानीयका अनुसार नाली सफाइ र नाली निर्माण नसमेट्ने गैरजिम्मेवार योजनाका कारण सार्वजनिक धन वर्षेनी मर्मतकै नाममा दोहोरिदो खर्च भइरहेको छ । नाली व्यवस्थापनलाई प्राथमिकता नदिएकै कारण रुकुमपूर्वका सडक वर्षेनी जोखिमपूर्ण बन्दै जाने देखिएको छ । रुकुमपूर्वमा करिब ५५ किलोमिटर मध्यपहाडी लोकमार्ग पर्ने गरेको छ । तर यस खण्डमा वर्षौंदेखि नाली सफाइ नहुनु र ग्रामीण सडक निर्माणमा नाली नै नबनाउँदा सडकको अवस्था जोखिमपूर्ण बन्दै आएको स्थानीयवासी र सरोकारवालाले बताएका छन् ।

# दम्माममा ४ सय ६१ जना सेवाग्राहीलाई राहदानी



**साउदी अरब / मस-**गैरआवासीय नेपाली संघ (एनआरएनए), राष्ट्रिय समन्वय परिषद् साउदी अरबको सहकार्य र नेपाली राजदूतावास, रियादको आयोजनामा आयोजित राहदानी वितरण शिविर दम्माममा सम्पन्न भएको छ ।

१४ नोभेम्बर २०२५ मा आयोजित शिविरमा ४ सय ६१ जना सेवाग्राहीलाई नवीकरण भएर आएका राहदानी हस्तान्तरण गरिएको दूतावासले जनाएको छ ।

साउदी अरबको प्रमुख औद्योगिक क्षेत्र मानिने पूर्वी प्रान्त दम्माममा बसोबास र रोजगारी गर्ने नेपालीहरूको सुविधाका लागि यो शिविर विशेष रूपमा आयोजना गरिएको हो । राहदानी वितरणका लागि नेपाली दूतावास, रियादका प्रथम सचिव टिका शर्माले टोलीको नेतृत्व गरेका थिए । दूतावासका प्रतिनिधिहरूको उपस्थितिमा टाइम्स ट्राभल, दम्माममा सेवा सहज र व्यवस्थित रूपमा प्रदान गरिएको थियो ।

शिविर सफल बनाउन विभिन्न स्थानीय संघसंस्थाहरूसँग समन्वय गरी आवश्यक व्यवस्थापन, सहयोग र प्रविधिक सहायता जुटाइएको थियो । सेवाग्राहीहरूले लामो दूरीबाट आउनुपर्ने असुविधा घटेको र छिटोछरितो सेवा पाएर राहत महसुस भएको बताउनुका साथै यस्तो शिविर निरन्तर सञ्चालन हुनुपर्ने माग राखेका छन् । कार्यक्रमका संयोजक संस्था एनआरएनए साउदीका अध्यक्ष उमेश भट्टराईले राहदानी वितरणमा प्रत्यक्ष-परोक्ष रूपमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै, आगामी दिनमा पनि प्रवासी नेपालीको हितमा यस्ता सेवा-मुखी कार्यक्रम निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाए ।

# 'अपांगता भएका व्यक्तिहरूको सूचना र सञ्चार पहुँचमा सुधार आवश्यक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर



नेपालमा अपांगता भएकाहरू सार्वजनिक सूचना तथा सञ्चार पहुँचबाट अझै पनि टाढै रहेको एक कार्यक्रमका सहभागीले बताएका छन् ।

राष्ट्रिय बहिरा महासंघ नेपाल, राष्ट्रिय सांकेतिक भाषा दोभाषे संघ, अपांगता भएका महिलाहरूको महासंघ नेपाल र बहिरा-दृष्टिविहीन अभिभावक समाजको संयुक्त आयोजनामा तथा अपांगता अधिकार कोषको सहयोगमा शुक्रबार काठमाडौंमा आयोजित गोष्ठीमा अपांगता भएका व्यक्तिहरूको सूचनामा पहुँच, उनीहरूले भोग्दै आएका चुनौती र आवश्यकताबारे गम्भीर छलफल भएको थियो ।

कार्यक्रममा सहभागी विभिन्न सरकारी निकाय, स्थानीय तह, सञ्चार तथा शिक्षा क्षेत्रका प्रतिनिधि, अपांगता विज्ञ तथा सरोकारवालाहरूले सार्वजनिक सूचना प्रणाली, सरकारी कार्यालय, वेबसाइट, टेलिभिजन तथा डिजिटल माध्यम अपांगता भएका व्यक्तिहरूको आवश्यकता अनुरूप नबनेको तथ्य प्रस्तुत गरेका थिए ।

उनीहरूले विशेषगरी बहिरा, दृष्टिविहीन, शारीरिक, बौद्धिक तथा मनोसामाजिक अपांगता भएका व्यक्तिहरूले दैनिक रूपमा भोग्ने कठिनाइबारे उदाहरणसहित प्रस्ट्याएका थिए ।

कार्यक्रममा राष्ट्रिय बहिरा महासंघका महासचिव सीताराम ओझाले अपांगता भएका व्यक्तिहरूको सूचना तथा सञ्चार पहुँचसम्बन्धी प्रस्तुति दिँदै सरकारी कार्यालयहरूले प्रकाशित गर्ने सूचना ठुलो अक्षरमा नहुनु, युनिकोड फन्टको कमी, वेबसाइटहरू पहुँचयोग्य नहुनु, सूचना बोर्ड अपांगतामैत्री नहुनु, भिडियो सामग्रीमा क्याप्सन र सांकेतिक भाषा दोभाषेको कमी, डिजिटल बोर्डमा आवश्यक दृश्यता नपुग्नुजस्ता कारणले अपांगता भएका नागरिकहरू मुख्यधारको सूचनाबाट टाढा रहेको उल्लेख गरेका थिए । उनले सूचना बुझ्ने र पढ्ने अधिकार सबै नागरिकका लागि समान भए पनि व्यवहारमा भने ठुलो असमानता देखिएको बताए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी उपसचिव ममता बाँस्तोलाले मन्त्रालयले सांकेतिक भाषालाई व्यवस्थित गर्न नयाँ कार्यविधि तयार पारेको र स्वीकृतिको अन्तिम तयारी हुँदै गरेको जानकारी दिइन् । मन्त्रिपरिषद्का निर्णय पनि सांकेतिक भाषामा सार्वजनिक भइरहेका छन् र सरकारले समावेशी सूचनाप्रवाहका लागि निरन्तर कार्यक्रम विस्तार गर्दै छ । उनले सूचनामा समान पहुँच मन्त्रालयको प्राथमिकता रहेको बताइन् ।

कार्यक्रममा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, काठमाडौं महानगरपालिका तथा विभिन्न अपांगता संगठनका प्रतिनिधिले आफ्ना क्षेत्रमा सम्पूर्ण सूचनालाई अपांगतामैत्री बनाउन चुनौती रहेको स्वीकारेका थिए ।

भाषा आयोगका प्रतिनिधिले नयाँ सांकेतिक भाषा शब्द संकलन पोखरामा सुरु गर्ने तयारी गरिएको जानकारी गराएका थिए । यस्तै, काठमाडौं महानगरका प्रतिनिधिले सांकेतिक भाषा सेवा केन्द्र थप गर्ने योजना गरहेको जानकारी गराइएको थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका प्रतिनिधिले विद्यालयदेखि सरकारी कार्यालयसम्म बहिरा तथा अन्य अपांगता भएका व्यक्तिका लागि सहज पहुँच नहुँदा उनीहरू अझै पनि सेवाबाट टाढा रहेको बताइएको थियो ।

गोष्ठीमा सरोकारवालाहरूले सार्वजनिक सूचनामा अपांगतामैत्री रंगको प्रयोग, ठुलो अक्षरको अनिवार्य व्यवस्था, वेबसाइटहरू पूर्ण रूपमा पहुँचयोग्य बनाउने, अडियो तथा ब्रेल सूचनाको व्यवस्था, टेलिभिजनमा सांकेतिक भाषा झ्याललाई ठुलो र बुझ्ने गरी राख्ने, क्लोज क्याप्सनिङ अनिवार्य गर्नेलगायतका सुझाव दिएका थिए ।

उनीहरूले विपद्, महामारी तथा आपतकालीन सूचनाहरू विशेषगरी सबै प्रकारका अपांगता भएका व्यक्तिले बुझ्न गरी निर्माण र प्रसारण गर्नुपर्नेमा जोड दिएका थिए ।

साथै, सरकारी कार्यालयहरूले गुनासो सुनुवाइ प्रणालीलाई अपांगतामैत्री बनाउनुपर्ने, कर्मचारीहरूलाई अपांगता संवेदनशील सञ्चारका तालिम दिनुपर्ने तथा सूचना तथा सञ्चारसम्बन्धी नीति बनाउँदा अपांगता भएका व्यक्तिहरूका संस्थाहरूको सहभागिता सुनिश्चित हुनुपर्ने माग गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदस्य सुनिता थापाले टेलिभिजनमा सांकेतिक भाषाका दोभाषेहरू अत्यन्तै सानो ठाउँमा रहँदा समस्या भएको बताइन् । उनले विपद्को सूचना बहिरा व्यक्तिले बुझ्न नसक्ने जस्ता समस्यामाथि सरकार गम्भीर हुनुपर्नेमा जोड दिइन् । सबै प्रकारका नागरिकले समान रूपमा बुझ्न सक्ने सूचनाप्रवाह गर्न राज्यले बाध्यकारी नीति ल्याउनुपर्नेमा उनको जोड थियो । महासंघकी वरिष्ठ उपाध्यक्ष सत्यदेवी वाग्लेले बहिरा समुदाय अझै पनि सूचनाको मूलधारबाट टाढा रहेको उल्लेख गर्दै नीतिगत प्रतिबद्धता मात्र होइन, वास्तविक कार्यान्वयन तुरुन्तै सुरु गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

# शितगंगामा विकास योजनाको गुणस्तरीय अनुगमन तीव्र

**सूर्यप्रसाद भुसाल**
अर्घाखाँची, ५ मंसिर



नेपालकै ठूलो नगरपालिका शितगंगा नगरपालिकामा निर्माण सम्पन्न भएका र निर्माण भइरहेको विकास योजनाको गुणस्तरीय अनुगमनलाई तीव्रता दिइएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा र प्रशासकीय अधिकृत नुमलाल खनालले प्राविधिक इन्जिनियरसहित फिल्डमा पुगेर योजनाको नाप, नक्सा र गुणस्तर जाँच गर्ने कार्य थालेपछि गुणस्तरीय काम सुनिश्चित हुने भएको छ । शितगंगा नगरपालिकाका उपप्रमुख गीता भाटको संयोजकत्वमा रहेको अनुगमन समितिले सबै योजना अनुगमन गर्दै आएको छ । प्रमुख प्रशासकीय अधिकृत सापकोटाले भने,'अनुगमनका क्रममा कमसल काम पाइएमा भुक्तानी रोकिन्छ र दोश्रो पटक काम गर्न लगाइन्छ । स्थानीय सरकार र नागरिकको अपेक्षा अनुसार काम गुणस्तरीय होस् भन्ने हाम्रो उद्देश्य हो ।'

प्रशासकीय अधिकृत खनालले भने,'स्थानीय तहमा हुने विकास निर्माणका काम गुणस्तरहीन हुने गुनासो बढेका बेला हामीले योजना अनुगमनलाई तीव्रता दिएका छौं ।

सबै वडामा योजना अनुगमन भइरहेको छ र कुनै पनि कमसल काम भए कारबाही प्रक्रिया अघि बढाइन्छ ।' नगरपालिकाले अनुगमन टोलीले सिफारिस नगरेसम्म भुक्तानी नदिने नियम बनाएपछि विकट वडाहरूमा समेत गुणस्तरीय काम हुने भएको स्थानीय रेसम राज बन्जाडेले बताए । यस क्रममा शितगंगा नगरपालिका वडा नम्बर ८, ९, १० र ११ का दर्जनौं योजनाहरू प्राविधिकसहितको टोली र स्थानीय जनप्रतिनिधिको उपस्थितिमा अनुगमन गरिएको छ । नगरपालिकाले गुणस्तरीय र दिगो विकास सुनिश्चित गर्ने उद्देश्यसहित अनुगमनलाई निरन्तरता दिने जनाएको छ ।

# सिरहामा गाँजासहित एक जना पक्राउ

**मनु यादव निरज / मध्यान्ह**
सिरहा, ५ मंसिर

सिरहा बरियारपट्टि गाउँपालिका ३ स्थित इलाका प्रहरी कार्यालयको गस्ती टोलीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार बरियारपट्टिबाट जिरोमाईलतर्फ जाँदै गरेको नम्बर नखुलेको (प्लेट नभएको) मोटरसाइकललाई रोकी चेकजाँच गर्ने प्रयास गर्दा चालक मोटरसाइकल छाडी फरार भएका थिए । मोटरसाइकलमा पछाडि सवार औरही गाउँपालिका वडा नं. १ कुण्डलपुरका ३० वर्षीय हरि गोबिन्द यादवलाई भने प्रहरी पक्राउ गरेको छ । उनको साथबाट प्लाष्टिकको बोराभित्र लुकाइएको ११ पोका गाँजा फेला परेको छ, जसको तौल करिब ११ किलो ग्राम रहेको प्रहरीले जनाएको छ ।

लागूऔषध र मोटरसाइकल नियन्त्रणमा लिइएको छ भने थप अनुसन्धान जिल्ला प्रहरी कार्यालय सिरहाबाट भइरहेको छ । फरार मोटरसाइकल चालकको खोजतलास र पहिचान गर्ने कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

# गेरुवाको सरस्वती आधारभूत विद्यालय तीनतारे विद्यालय घोषणा

**सन्तोष पौडेल / मध्यान्ह**
बर्दिया, ५ मंसिर



बर्दियाको गेरुवा गाउँपालिका-५ विन्द्रास्थित सरस्वती आधारभूत विद्यालयलाई तीन तारे विद्यालय घोषणा गरिएको छ ।

२०४६ सालमा स्थापना भएको विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी १० सूचक पूरा गरेपछि गाउँपालिकाले प्रमाणीकरण गर्दै यसलाई तीनतारे विद्यालय घोषणा गरेको हो ।

विद्यालयको ३६औं वार्षिक उत्सवको अवसरमा लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष जमान सिंह केसी र उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले विद्यालयका प्रधानाध्यापक योगेन्द्र कुमार चौधरीलाई प्रमाणीकरण प्रमाणपत्र प्रदान गरेका थिए ।

सभामा बोल्दै मन्त्री तिमिल्सिनाले तीन तारे विद्यालय घोषणा भएकाले अब विद्यालयले स्वच्छ, सुरक्षित र विद्यार्थीमैत्री वातावरण निर्माणमा गरेको मेहनतको औपचारिक मान्यता प्राप्त भएको बताए । उनले घोषणा कार्यक्रमको दिगोपन सुनिश्चित गर्न शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय तहदेखि प्रदेश सरकारसम्म सबैले आफ्ना जिम्मेवारी इमान्दारीका साथ निर्वाह गर्नुपर्नेमा जोड दिए ।

गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह केसीले पालिकाका सबै विद्यालयलाई क्रमशः तीनतारे विद्यालय घोषणा गर्ने लक्ष्य रहेको उल्लेख गर्दै भने, 'तीनतारे विद्यालय अभियानमार्फत गुणस्तरीय शिक्षा, सुरक्षित विद्यालय र विद्यार्थीमैत्री वातावरण निर्माण गर्ने दृढसंकल्प गरेका छौं ।'

गाउँपालिकाले विद्यालयस्तरमै खानेपानी, सरसफाइ, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, विपद् जोखिम व्यवस्थापनलगायत १० सूचक समेटिएको कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

वास गेन्स परियोजनाको सहयोगमा आयोजित कार्यक्रममा नेपाल सरकारले ल्याएको तीन तारे पद्धति अनुसार गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अभियान अघि बढाइएको बताउँदै वाटर एड नेपालका परियोजना प्रबन्धक उमाशंकर यादवले निकट भविष्यमै पालिकाका सम्पूर्ण विद्यालय तीन तारे घोषणा हुने विश्वास व्यक्त गरे ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **EAST WEST PLACEMENT CENTER, INC PVT. LTD.** (श्रम इजाजत पत्र नं. ४३७/०६०/०६१) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरु सँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

| सि.नं. | कर्मचारीहरुको नाम | नागरिकता नं | पद |
|---|---|---|---|
| १ | नवराज लामिछाने | ४४१००८/६७० | डकुमेन्टेशन |
| २ | सरोज खपांगी | २१-०१-७८-०८१३८ | फ्रन्ट डेस्क |
| ३ | विजय मण्डल | ३९२३९९४६ | डकुमेन्टेशन |
| ४ | ईश्वर लाल कर्मचार्य | १२६३७ | प्रमुख कार्यकारी अधिकृत |

EAST WEST PLACEMENT CENTER, INC PVT. LTD. श्रम ईजाजत नं. ४३७/०६०/६१
Neelsaraswotisthan, Lazimpat, Kathmandu, Ph. No.: 014540514. Mobile No: 9841624941

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०८/०६**

**रब्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०७/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री विल्डर्सनेस्ट कन्स्ट्रक्सन एण्ड कन्सल्टीङ्ग प्रा. लि. (प्रा.लि नं. ३२३३४२)** कायम गर्ने गरी मिति २०८२/०७/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०८/०६**

**चन्दाछ्रा निर्माण सेवा एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०४/२८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री चन्दाछ्रा कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि नं. २४६६८३)** कायम गर्ने गरी मिति २०८२/०५/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०८/०६**

**एन्जल ल्याङ्ग्वेज सेन्टर प्रा. लि.** को मिति २०८२/०७/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री एन्जल टि. एजुकेसन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि नं. ५००३३)** कायम गर्ने गरी मिति २०८२/०७/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०८०/०९/२४ मा दर्ता भएको **दर्ता नं. ३२७१०६** को **सिताराम लाइफस्टाइल मल्टिप्रपोज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०८/०६**

**वि. ए. एम. ब्रदर्श कंस्ट्रक्सन प्रा. लि.** को मिति २०८२/०७/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री वि. ए. एम ब्रदर्श मल्टिपर्पोज प्रा. लि. (प्रा.लि नं. २६५७५४)** कायम गर्ने गरी मिति २०८२/०७/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# घरजग्गा कारोबार ओरालो लाग्दै राजस्व संकलन पनि घट्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ मंसिर

देशभर घरजग्गाको कारोबार क्रमशः घट्दै गएको पाइएको छ । कारोबार घट्दै जाँदा राजस्व संकलनमा समेत ह्रास आएको छ । कारोबारको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार चालु आर्थिक वर्षको चार महिनामा राजस्व संकलनको मात्रा क्रमशः ओरालो लागेको छ ।

सरकारले घरजग्गा कारोबारमा सहजीकरण गरेको भए पनि राजस्व संकलन अपेक्षित रूपमा बढ्न सकेको छैन । केही दिन पहिले मात्र सरकारले भूउपयोग (तेस्रो संशोधन) नियमावली संशोधन गरेको छ। गत कात्तिक महिनामा देशभरका मालपोत कार्यालयले २ अर्ब ७४



करोड ५१ लाख ७२ हजार १ सय ९९ बराबरको राजस्व संकलन गरेको थियो ।

गत असोजमा २ अर्ब ७५ करोड ८५ लाख ५७ हजार ९ सय २७ बराबरको राजस्व संकलन भएको थियो । यस्तै, भदौमा ३ अर्ब १४ करोड ७ लाख १६ हजार ३ सय ३५ बराबरको राजस्व संकलन भएको थियो । गत साउनमा ३ अर्ब २८ करोड ९१ लाख ३८ हजार २ सय ४२ बराबरको राजस्व संकलन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

विभागका अनुसार गत कात्तिकमा सेवा करमार्फत २१ करोड ३४ लाख ४७ हजार ४ सय १३, रजिस्ट्रेसन दस्तुर १ अर्ब ५० करोड ६२ लाख ९६ हजार १४ र पुँजीगत लाभकरमार्फत ९९ करोड ७८ लाख ४४ हजार ३ सय ९२ संकलन गरेको थियो ।

# अन्तरदेशीय प्रसारण लाइन निर्माणमा ३ अर्ब लगानी गरिँदै



**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरणले दुई अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि स्थापना हुने संयुक्त कम्पनीमा कुल ३ अर्ब लगानी गर्ने भएको छ । प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडको संयुक्त कम्पनीमा लगानीको स्रोत सुनिश्चित गरिएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । मन्त्रालयका सचिव चिरञ्जीवी चटौतका अनुसार प्राधिकरणले नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा १ अर्ब र भारतमा स्थापना हुने संयुक्त कम्पनीमा २ अर्बबराबरको स्वपुँजी लगानी हुनेछ ।

इनरुवा-पूर्णिया र दोदोधारा-बेरेली चार-चार केभी क्षमताका अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि संयुक्त कम्पनी स्थापना गर्ने सहमति दुई देशका उच्च सरकारी अधिकारीबीच यसअघि नै भइसकेको छ। विद्युत् आदानप्रदानका लागि महत्वपूर्ण मानिएका ती अन्तरदेशीय प्रसारण लाइन सन् २०३० सम्म निर्माण हुनेछन् ।

प्रसारण लाइन निर्माणका लागि नेपालतर्फ स्थापना हुने कम्पनीमा प्राधिकरणको ५१ प्रतिशत र भारतीय कम्पनी पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडको ४९ प्रतिशत सेयर रहनेछ। यस्तै, भारतमा स्थापना हुने कम्पनीमा भारतीय कम्पनीको ५१ प्रतिशत र प्राधिकरणको ४९ प्रतिशत सेयर रहनेछ ।

नेपालमा स्थापना हुने संयुक्त कम्पनीमा प्राधिकरणको आन्तरिक स्रोतबाट स्वपुँजी लगानी गरिनेछ । विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ को उपदफा २ बमोजिम भारतमा स्थापना हुने संयुक्त कम्पनीको लगानीमा छुट दिइनेछ। ऊर्जा मन्त्रालयका सचिव चटौतका अनुसार मन्त्रिपरिषद्को निर्णयबमोजिम आवश्यक सूचना राजपत्रमा प्रकाशित गरी जानकारी दिइएको छ ।

# गोल्याण ग्रुपद्वारा 'किड्स प्ले-डेट' आयोजना




**काठमाडौं/मस–** विश्व बाल दिवसको अवसरमा गोल्याण ग्रुपले बिहीबार जेन-जी शहीद परिवारका बालबालिकाका लागि 'किड्स प्ले-डेट' कार्यक्रम आयोजना गरेको छ । धुम्बाराहीको ऊप्स नेपाल फनपार्कमा आयोजित कार्यक्रममा शहीद परिवारका बालबालिका र उनीहरूका अभिभावक सहभागी थिए ।

गोल्याण ग्रुपले गत असोज २४ मा शहीद परिवारका बालबालिकाका लागि शैक्षिक वृत्ति योजना घोषणा गरेको थियो । योजनाअन्तर्गत हालसम्म २७ जना बालबालिकालाई १२ कक्षासम्मको शैक्षिक खर्च बेहोर्नका लागि अभिभावकसँग समझदारी गरिएको छ । बिहीबारको कार्यक्रममा शैक्षिक वृत्ति योजनामा सामेल काठमाडौंमा रहेका शहीद परिवारका बालबालिका तथा अभिभावक सहभागी थिए । बालबालिकाले ऊप्सको फनपार्कमा विभिन्न मनोरञ्जनात्मक तथा बौद्धिक गेम खेलेर आनन्द लिएका थिए ।

कार्यक्रममा गोल्याण ग्रुपका प्रबन्ध निर्देशक अक्षय गोल्याणले 'नयाँ परिवार'का सदस्यबीच परिचय आदानप्रदान गर्ने उद्देश्यले जमघट आयोजना गरिएको बताए । 'हाम्रो नयाँ परिवार साझा प्रतिबद्धता र उद्देश्यले एकताबद्ध भएको हो,' उनले भने, 'यस्तो परिवार, जहाँ प्रत्येक बालबालिकाको अधिकारको सम्मान, उनीहरूको कदर र संरक्षण गरिन्छ।' बालबालिकाको हित र विकासमा मात्र देशको समृद्धि सम्भव हुने भएकाले उनीहरूको स्वतन्त्रता, खुसी र अवसरको अधिकार सुनिश्चित गर्नुपर्ने उनले बताए ।

गोल्याण ग्रुपका कर्पोरेट अफेयर्स एन्ड कम्युनिकेसन्स प्रमुख ज्योति गैह्रेले विश्व बालदिवसको अवसर पारेर बालबालिकाको अधिकारको सम्मान र संरक्षण गर्न कार्यक्रम आयोजना गरिएको बताइन् । बालबालिकाको खुसीमा उनीहरूको सबैखाले विकासका आयाम जोडिएका हुन्छन्, समाजको समृद्धिको मार्ग पनि यसबाटै सुरु हुन्छ । उनले भनिन्, 'आजको किड्स प्लेडेट यसकै लागि गरिएको हो ।' गोल्याण ग्रुपले जेनजी शहीद परिवारका बालबालिकाका लागि कक्षा १२ सम्म शैक्षिक वृत्ति प्रदान गर्ने घोषणा गरेको थियो। पहिलो चरणमा अभिभावकसँग समझदारीपत्रमा हस्ताक्षर भई दोस्रो चरणमा विद्यालय, अभिभावक र गोल्याण ग्रुपबीच त्रिपक्षीय सम्झौता गर्ने प्रक्रिया सुरु भएको छ ।

# नबिलले पायो प्रिफरेन्सियल सेयर जारी गर्ने अनुमति

**काठमाडौं/मस–** नेपाल धितोपत्र बोर्डले नबिल बैंकलाई अविमोच्य असञ्चिति अग्राधिकार (प्रिफरेन्सियल) सेयर निष्कासनको अनुमति प्रदान गरेको छ । बोर्डले नबिललाई ८ प्रतिशत लाभांश दरमा ५ करोड कित्ताका लागि अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासनको अनुमति दिएको हो ।

सो सेयरको निष्कासन तथा बिक्री प्रबन्धकमा एनआइसी एसिया क्यापिटल रहेको छ । सो




सेयर भुक्तानी अवधि नतोकिएको तर निश्चित प्रतिशतको लाभांश दर प्रदान गर्न सक्ने विशेषता भएको पुँजी बजार उपकरण हो । परिपत्र विधिबाट निष्कासन हुने यो सेयरमा संस्थागत लगानीकर्ताले मात्र लगानी गर्न पाउनेछन् ।

# राष्ट्रिय जीवन बिमा कम्पनीको अध्यक्षमा रमेश अर्याल



**काठमाडौं/मस–** राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा रमेश अर्याल नियुक्त भएका छन्। शुक्रबार कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीका सञ्चालक र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक रहेका अर्याललाई सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त गरेको हो ।

नेपाल बिमा प्राधिकरणका अध्यक्ष जनकराज शर्माले अर्याललाई शुक्रबार नै पद तथा गोपनीयताको शपथ गराएका थिए। सो अवसरमा नेपाल बिमा प्राधिकरणका निर्देशक पूजन ढुंगेल अधिकारी र राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुन्दर पन्थीलगायत पदाधिकारी उपस्थित थिए ।

# लाइसेन्स विवरणको जानकारी अब फेसबुकबाटै

**काठमाडौं/मस–** यातायात व्यवस्था विभागले छपाइ गरी वितरणका लागि तयार भएका सवारी चालक अनुमतिपत्र (लाइसेन्स)को विवरण अब फेसबुकमा राख्ने भएको छ ।




विभागले बिहीबार एक सूचना जारी गरी सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने जानकारी गराएको छ ।

विभागले जारी गरेको सूचनामा भनिएको छ, 'सवारी चालक अनुमतिपत्र छपाइका लागि अनलाइन फारम भरी 'एप्रुभ' भएपश्चात् ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भन्ने जानकारी यसअघि प्रणाली ध्वस्त हुनुअघि आउने गरेको थियो। अब सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिनेछ ।'

यसअघि यस्ता लाइसेन्सको जानकारी प्रणालीमार्फत ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भनेर सन्देश पठाउने गरिएको थियो । तर जेनजी आन्दोलनमा उक्त प्रणाली ध्वस्त भएको थियो । फेसबुक पेजमा विवरणसहितको नाम समावेश भएको अवस्थामा आवेदनहरू सक्कल राजस्व रसिद र पुरानो सवारी चालक अनुमतिपत्र लिई विभागमा उपस्थित हुन पनि विभागले अनुरोध गरेको छ ।


## Kerabari Rural Municipality
## Office of The Rural Municipal Executive
**Kerabari Morang**
**Koshi Provience Nepal**

### Invitation for Bids

**Second Date of Publication: 2082/08/06**

1. Kerabari Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Work.
2. A complete set of Bidding Documents may be purchased from EGP System i.e.www.bolpatra.gov.np/egpby eligible Bidders with necessary document.
   Name of the Bank: NIC Asia Bank.Name of Office: Kerabari Rural Municipality Rajaswa Sirshak No:14229
   Office Code No: 801011312
   Account no.: 0562056501423002 (for Bid Document Fee)Ga.1.1.Antarik Rajaswa Khata, Kerabari Gaupalika.
   Account no.:0562056501423008 (for Bid Security for Cash Deposit) Ga.3.Sthaniya Taha Dharauti Khata Kerabari Gaupalika.

| S N | Contract ID | Name of Contract | Esitmated Amount (Excluding VAT and PS) | Bid Security | Bid Fee | Bid Submission & Open Date | Procurement Type |
|---|---|---|---|---|---|---|---|
| 3 | KRMC/MOR/W/ SQ-01(082/083) | Upgrading of Topthumki Tourism Area, KRM-04 | NRs. 16,96,227.03 | NRs. 50,000 | NRs. 1,000 | 2082/08/21 BS | SQ Online |

**Chief Administrative Officer**



## कुवेतमा रोजगार
कम्पनी: HAIR DRYER SALON COMPANY AND HEALTH INSTITUTE FOR WOMEN'S BEAUTY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०३/०८ चलानी नं.: ६०२३९९६१ LT. No.:326015 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 8 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 7 | 0 | | 150 | ६९,१२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १३ गते (29 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.** Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com



## साउदीमा रोजगार
कम्पनी: RAFID COMPANY LIMITED शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०१/२३ चलानी नं.: ६०२३७१८९ L.T. No.:323206 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 5 | 0 | स. काममा दक्ष | 1150 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ मंसिर १३ गते (29 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ५५८/०६२/०६३
सुकेधारा-४, काठमाडौं, नेपाल, फोन: ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np



## साउदीमा रोजगार
कम्पनी : AHED MAKKAH MARKETING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१०/२० चलानी नं.: ६०२३२२३१ L.T. No.:318044 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloding Worker | 11 | 0 | स. काममा दक्ष | 1100 | ४१,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १३ गते (29 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**K L Employment Service (P) Ltd.** श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np



## बहराइनमा रोजगार
कम्पनी: Shaheen Electromechanical W.L.L शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०८/०५ चलानी नं.:६०२४७६३३ LT. No.: 333994

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician (Maintenance) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५६,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labours/Helpers | 70 | 0 | | 100 | ३७,५७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १३ गते (29 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
